पोखरा दर्पण, त्रैमासिक बुलेटिन

वर्ष १३, । अंक २३ । २०७६ असोज

- संरक्षक

**मानबहादुर जिसी**

प्रमुख

**मञ्जुदेवी गुरुङ**

उपप्रमुख

**गंगालाल सुवेदी**

निमित्त प्रमुख प्रशासकीय अधिकृत

- सम्पादक मण्डल

संयोजक

**माधवप्रसाद बराल**

- सदस्य

**नवराज सापकोटा**

**एकराज गिरी**

**सोमनाथ लम्साल**

**मन क्षेत्री**

- प्रकाशक

**पोखरा महानगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

न्यूरोड, पोखरा

**सम्पर्क नं.**

**+९७७ ६१ ५२५३४०, ५२११०४, ५२११०५**

**फ्याक्स नं. +९७७ ६१ ५२०६००**

Email: info@pokharamun.gov.np

website : www.pkharamun.gov.np

www.facebook.com/pokharamun

## सम्पादकीय

# विभूति पार्क: महानगरकै गौरव

पोखरालाई प्रकृतिले सिंगारेको छ । हाँसिरहेजस्तो हिमाल, जिस्किरहे जस्तो सेती नदी, पर्खिरहे जस्ता तालहरुसँगै गुफा, वरपरका हरिया डाँडाकाँडाले जो सुकैलाई मोहित तुल्याउँछ । प्रथमत् पोखरालाई पर्यटनसँग जोडेकै प्रकृतिले हो । प्रकृतिको यो अनुपम उपहारलाई साक्षात्कार गर्न संसारभरबाट आउने पर्यटकहरुको बसाइ लम्ब्याउन पछिल्लो समय मानव निर्मित संरचनाहरुले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । वर्षौदेखि आफ्ना पर्व परम्परा, धर्म, संस्कृतिका लागि मानिसहरुले निर्माण गरेका कोट, मन्दिर, गुम्बा, चैत्य र मस्जिद आज सांस्कृतिक धरोहरका रुपमा पर्यटकका लागि थप आकर्षणको केन्द्र बनिरहेका छन् । संग्रहालय, चिडियाघर, साहसिक खेल पर्यटनँग सम्बन्धित विभिन्न पूर्वाधारहरु निर्माणको सवालमा पोखरास्थित सार्वजनिक तथा निजी क्षेत्रको संलग्नता समेत महत्वपूर्ण छ । प्राकृतिले पोखरालाई आजको वास्तविक पोखराको परिचयमा स्थापित गर्न पोखरास्थित विभिन्न संघ, संस्था तथा निजी क्षेत्रको भूमिका अविश्मरणीय छ ।

पोखरामा पछिल्लो समय व्यवस्थित पार्कको खड्किँदो अभावलाई मध्यनजर गर्दै पोखरा महानगरपालिकाले पार्कको अवधारणालाई अगाडि बढाएको छ । पोखरा महानगरपालिका-१८, सराङकोटको जामुनबोटमा ५६ रोपनी जग्गाभित्र महानगरले ‘सहिद तथा राष्ट्रिय विभूति पार्क’ को निर्माण गरिरहेको छ । जहाँ महानगरभित्रका विभिन्न सडक तथा चोकहरुमा सहिद तथा राष्ट्रिय विभूतिहरुको शालिकलाई पुर्नस्थापित र व्यवस्थित रेखदेख गरिनेछ । २०६६ मा सहिद भीमसेन दाहाल स्मृति पार्क बनाउन महानगरले खोजे पनि त्यो बल्ल आएर पूरा हुन लागेको हो ।

सडकका बीचमा रहेका शालिक अनि भद्दा आइल्यान्डले पोखराको सुन्दरतामा ह्रास त ल्याएकै थियो । ट्राफिक समस्या पनि बढाएकै थियो । यी दुवै समस्याको समाधानका लागि महानगरले पार्कको अवधारणा ल्याएको हो । विभिन्न आन्दोलनका क्रममा सडकका शालिक आन्दोलनकारीको तारो बन्ने, अनि समुदाय विशेषसँग जोडिने भएकाले उचित व्यवस्थापनको खाँचो थियो । त्यही खाँचो परिपूर्ति गर्न महानगरले गौरवको योजनाका रुपमा विभूति पार्कलाई अघि सारेको हो । यसले प्रथमत इतिहासलाई एकीकृत गर्ने प्रयास गरेको छ । अर्को कुरा प्राकृतिक रुपमा सिंगारिएको पोखरामा नयाँ पर्यटकीय गन्तव्य पनि थपिएको छ ।

# पोखरा महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गण्डकी प्रदेश, नेपाल

## पोखरा महानगरपालिकामा दाखिला गर्नुपर्ने कर, दस्तुर विवरण

| क्र.स | सेवाग्राहीको प्रकार | कर, दस्तुर, शुल्कको प्रकार |
|---|---|---|
| १. | घरजग्गा हुनेले | सम्पत्तिकर, मालपोत भूमिकर |
| २ | उद्योग, पेशा तथा सेवा व्यवसायले | व्यवसाय कर |
| ३. | घरजग्गा बहालमा लगाउनेले | बहाल कर |
| ४. | विभिन्न किसिमका सेवालिए वापत | सेवा शुल्क, दस्तुर |
| ५. | घर निर्माण गर्नेले | घर नक्सापास दस्तुर |
| ६ | सिनेमाहल, फनपार्क, नाट्यशाला मेला महोत्सव आदि | मनोरञ्जन कर |
| ७ | पर्यटन सम्बन्धी कार्य गर्नेले | पर्यटन कर |
| ८ | प्रचार प्रसार गर्ने सबैले | विज्ञापन कर |
| ९ | सरसफाइ सेवाशुल्क | व्यवसायी, घरधनी |
| १० | महानगरको नियम उल्लंघन गर्नेले | दण्ड जरिवाना |

१) पोखरा महानगरपालिकामा तपसिल बमोजिमका कर, दस्तुर र सेवा शुल्कहरु समयमै दाखिला गरी दण्ड जरिवाना बाट बचौं । तपाईंले तिरेको कर तपाईंको नगर निर्माणको लागि प्रयोग हुने भएकोले कर तिरेर नगर विकासमा सहभागी बनौं ।

२) समयमै कर तिरेर सभ्य नागरिकको परिचय दिऔं ।

३) कर, दस्तुर महानगरपालिकाको राजश्व प्रशासन शाखा र सम्बन्धित वडा कार्यालयमा दाखिला गर्न सकिने छ ।

विस्तृत जानकारी पोखरा महानगरपालिकाको वेबसाइट www.pokharamun.gov.np, राजश्व प्रशासन शाखा फोन ५२०३९२ वा सम्बन्धित वडा कार्यालयहरु बाट लिन सकिनेछ ।

# पर्यावरण मैत्री विकास



• **भरतराज पौडेल**

बाटो विकासको मूलधार अर्थात सबै पूर्वाधारको पूर्वाधार हो । पहाडी क्षेत्रमा मोटरबाटो (ग्रामीण सडकले कृषि, व्यापर, पर्यटन, मानव, स्वास्थ्य, गुणस्तरीय शिक्षाको ढोका खोल्दै असमानता कम गर्न मद्दत गर्दछ ।

संघीय नेपालको तिनै तहका सरकारको बजेट ग्रामीण सडक निर्माण गरी समृद्ध नेपाल निर्माणमा केन्द्रित छ । डोजर लगाएर बाटो खन्दा पहिरोको जोखिम बढाएको छ ।

वातावरणीय समस्या थपिएका छन । नेपालको वार्षिक औषत भूक्षय २५ टन प्रति हेक्टर र मध्य पहाडमा सबै भन्दा बढी ३८.३९ टन प्रति हेक्टर रहेको एक अध्ययनको निष्कर्ष छ । अहिलेको असारे विकासलाई अध्ययन गर्ने हो भने अवस्था डरलाग्दो देखिन सक्छ । विश्व मानचित्रमा नेपाल कसरी तीव्र भूक्षय र पहिरोको सिकार भइरहेको छ भन्ने उदाहरण बनिसकेको छ, ग्रामीण सडक अर्थात प्रकृतिका घाउँहरुले कसरी पहिरो निम्ताइरहेको छ ।

डोजरको अत्याधिक प्रयोग, बाटो निर्माणमा उचित क्षेत्र छनोट गर्न नसक्नु, पानीको सही निकास दिन नसक्नु आदी कारणले भूक्षय भई वर्षेनी हजारौ टन माटो बगिरहेको छ ।

डोजरमा जनप्रतिनिधिहरुको लगानी, टाठाबाठाहरुको घर छेउ बाटो पुर्‍याउने, दक्ष प्राविधिकको अभाव, हतारमा गरिने असारे विकासले भिरालो जमिन खन्दा एकातर्फ जमिनले पानी सोस्ने प्रक्रिया अवरुद्ध हुन्छ भने अर्को तर्फ भूमिगत पानीको (धार) वहाव पनि बदलिन्छ । ग्रामीण सडक निर्माण गर्दा पानीको निकासका लागि नाली नबनाइने र भएका नाली सफा नगर्ने कारणले पानीले धार फेर्दा भूक्षय बढीरहेको छ ।

**हतारो विकास छाडी दिगो विकास अवलम्बन गर्दै गाउँ बस्ती तथा वन जंगललाई विनासबाट जोगाउनु पर्दछ**

स्थानीयस्तर सडक निर्माण गर्दा राजनीतिक दाउपेच, टाठाबाठाको स्वार्थका विविध कारणले प्राविधिकले डिजाइ तटस्थ रुपमा गर्न पाउँदैनन, स्वार्थमा निर्माण हुने बाटोहरुको वातावरणीय अध्ययन हुँदैन, हैकम पारामा सडक निर्माण गर्दा दीगो विकासको अवधारणा मृत हुन गई प्राकृतिक स्रोतको दोहन हुन्छ ।

भिरालो जमिनमा राखिएका खनिएका ग्रामीण बाटोमा भूसंरक्षणका कार्यक्रम नराख्नु बिनासको अर्को कारण हो, ग्रामीण बाटो निर्माणपछि इन्जिनियरिङ संस्था जिम्मेवार भएको पाइँदैन, फलस्वरुप असारमा बाटो खन्ने, साउनमा पहिरो झर्ने पूर्वाधारहरु नै विनासका कारण बनेका छन ।

**के गर्ने त ?**

- स्थानीयस्तरमा डोजरको अत्याधिक प्रयोगलाई निरुत्साहित गर्ने उपाय अपनाउने ।
- संवेदनशील चुचुरा, टाकुरा, खानेपानीका मुहान, वन क्षेत्रमा मोटरबाटोको निर्माण निषेध गर्ने ।
- भूक्षय नगरी मोटरबाटो खन्ने कामलाई दण्डित गर्ने
- मोटर बाटो निर्माणमा निश्चित प्रतिशत् रकम बायो इन्जिनियरिङमा खर्च गर्नुपर्ने बाध्यता बनाउने ।
- मोटरबाटो निर्माणमा भौगोलिक अध्ययन गरी निस्वार्थ रेखांकन गर्नुपर्ने
- अनुगमन र सूधारमा सरोकारवालाई सहभागी गराउने ।
- सडक निर्माणमा असारे परम्परा त्याग गरी हिउँदमा गर्ने बर्खामा नाली सरसफाइ गर्ने कार्यलाई अभियान कै रुपमा अगाडि बढाउनु पर्ने ।

गाउँको विकासका लागि ग्रामीण सडक अपरिहार्य छ । यसका लागि राजनीतिक स्वार्थ र दाउपेच र दक्ष प्राविधिकको अभावमा पूर्वाधाहरु नै विनासको कारण बनेका छन् यसका लागि हतारो विकास छाडी दीगो विकास अवलम्बन गर्दै गाँउ बस्ती तथा वन जंगललाई बिनास बाट जोगाउनु पर्दछ ।

*(पौडेल पोखरा महानगरपालिकाका सूचना अधिकारी हुनुहुन्छ)*

# पोखरा महानगरपालिकाको अनुरोध

- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुषणको न्यूनीकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्री वितरण र प्रयोग नगरौं ।
- पशु चौंपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुने गरी निर्माण लगायत कुनैपनि सामग्री नराखौं ।
- छतको पानीलाई सार्वजनिक बाटोमा नखसालौं । स्वयं घरधनीले उचित व्यवस्थापन गरौं ।
- १८ वर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- पोलिथिनझोला (४० माइक्रोन भन्दाकम ) र गिलास प्रयोग नगरौं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहर पानी प्रयोग गरिएका, झिंगाभन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुर्‍याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं ।

**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**न्युरोड, पोखरा**
**फोनः ०६१-५२११०५**

# बाल अधिकार





• किशोर बराल

बालबालिका भनेका परिवार, समाज र देश विकासको पूर्वाधारको रुपमा हुन्छन् । सही शिक्षा, मार्गदर्शन र निर्देशनले बालबालिकाको व्यैयक्तिक, भौतिक र सामाजिक विकासमा असर गर्दछ । तसर्थ सही वातावरण प्राप्त गर्ने बालबालिकाहरुले उचितशिक्षा, दीक्षा र मार्ग दर्शन पाउँदछन् । बालबालिकाले आफै यो सही वा गलत छुट्याउन नसक्न सक्छन्, तसर्थ उनीहरुको सोचमा बानी व्यवहारमा परिवर्तन ल्याउने भनेको उचित शिक्षा र उचित वातावरण नै हो ।

बाल बालिकाहरुको अधिकारहरुलाई सुनिश्चित गर्नका लागि नेपालको संविधान २०७२ ले सम्वोधन गरेको छ । संविधानको भाग ३ मा धारा १६ देखि ४८ सम्म नागरिकका मौलिक हक र कर्तव्य उल्लेख छ । जसमा धारा ३९ मा बालबालिकाको हकको व्यवस्था गरिएको छ । जसको उपधारा १ देखि १० सम्म बालबालिकाले प्राप्त गर्ने हकहरु उल्लेख गरिएको छ । जसमा बालबालिकाको पहिचानसहित नामांकरण, जन्मदर्ता, राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, वृत्ति विकासको हक, बालबिकास तथा बाल सहभागिताको हक हुनेछ । त्यस्तैगरी, कुनैपनि बालबालिकाहरुलाई कलकारखाना, खानीमा वा जोखिमपूर्ण कार्यमा लगाउन पाइने छैन । बाल विवाह, गैरकानुनी ओसारपसार अपहरण वा बन्धन राख्न पाइने छैन, त्यस्तै बालबालिकालाई सेना, प्रहरी वा शसस्त्र समूहमा भर्ना, प्रयोग, सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारले शोषण वा अनुचित प्रयोग गर्न पाइने छैन ।

कुनैपनि बालबालिकालाई घर विद्यालय वा चाहे कुनैपनि स्थानमा होस् शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन । प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक हुनेछ । असहाय, अनाथ, अपांगता भएका, द्वन्द्व पीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकाहरुलाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ । बालबालिकाका हक विपरीत अन्यथा प्रयोग भएको अवस्थामा सो कार्य कानुन दण्डनीय मानिनेछ र त्यस्तो कार्यबाट पीडित बालबालिकाहरुलाई पीडकबाट कानुन बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

त्यस्तैगरी, संविधानत उल्लेखित बालबालिकाका अधिकारहरुलाई संस्थागत गर्नका लागि साथै बालबालिका सम्बन्धी कानुनलाई संसोधन र एकीकरण गर्न बनेको ऐन बालबालिका सम्बन्धी ऐन २०७५ असोज २ मा प्रमाणीकरण भई लागू भएको छ

जसमा बालबालिकाको हक संरक्षणको लागि १० परिच्छेद र ८७ बुँदा समावेश भएका छन् । जसले बालबालिकाको लागि आवश्यक पर्ने सम्पूर्ण व्यवस्था सम्बन्धमा सम्वोधन गरेको छ भन्ने मान्यता राखिएको छ । यसको परिच्छेद २ मा बालअधिकारको बारेमा उल्लेख गरिएको छ । जसमा बाच्न पाउने अधिकार, नाम, राष्ट्रियता र पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबुआमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिव्यक्ति, स्वतन्त्रता र सूचनाको अधिकार, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, गोपनियताको अधिकार, अपांगता भएका बालबालिकाको विशेष अधिकार पोषण तथा स्वास्थ्यको अधिकार, खेलकुद, मनोरञ्जन तथा सांस्कृतिक अधिकार र शिक्षाको अधिकार भनी व्याख्या गरिएको छ ।

यसरी नेपालको संविधान र बालबालिका सम्बन्धी, बनेको ऐनले अधिकार र सुनिश्चित भविश्यको लागि निश्चितता प्रदान गरेको छ । यति हुँदाहुदै सबै बालबालिकाहरुले उचित वातावरण, शिक्षा दीक्षा पाएको भने देखिँदैन, सवाल उठ्न सक्छ यसको जिम्मेवारी कसले लिने ? सबै बालबालिकाहरुले एकै किसिमको अभिभावकत्व प्राप्त गरेका नहुन सक्छन् यस्तो अवस्थामा समुदायमा सामाजिक कार्य सम्पादन गर्नका लागि स्थापना भएका संघ संस्थाहरु र सामाजिक अभियन्ताहरुले ध्यान दिनुपर्ने देखिन्छ । जसको माध्यमबाट सबै बालबालिकाहरुले कानुनत उचित वातावरण प्राप्तिको लागि अहम भूमिका खेल्न सक्छ ।

*(बराल पोखरा महानगरपालिकाको न्यायिक समिति सदस्य हुनुहुन्छ)*

# पर्यटकीय गन्तव्य बन्दै सहिद तथा विभूति पार्क



पोखरा महानगरपालिकाले सहरका मुख्य चोकमा रहेका शालिकलाई व्यवस्थित गर्न वडा नम्बर १८ सराङकोटको जामुनबोटमा सहिद तथा राष्ट्रिय विभूति पार्क निर्माण गरेको छ । ५६ रोपनीमो पार्क निर्माण भएको छ । सराङकोटमा पार्क बनाउन महानगर कार्यपालिकाको बैठकले निर्णय गरेको थियो । पार्कमा सहिद तथा राष्टिय विभूतिका शालिक राखिएको छ ।

महानगरले पोखराका व्यस्त चोकमा रहेका सहिद र विभूतिका शालिक हटाएर पार्कमा राख्ने काम अगाडि बढाएको छ । महानगरले सबै शालिक पार्कमा राख्ने योजना अनुसार पार्क निर्माण गरेको महानगरका प्रमुख मानबहादुर जिसीले बताउनु भयो ।

त्यही पार्कमा सबै सहिद तथा राष्ट्रिय विभूतिका शालिक राखिनेछ । पार्कलाई आन्तरिक तथा वाह्य पर्यटनको गन्तव्य स्थल बनाउने र बसाइ लम्ब्याउने योजना अनुसार पार्क निर्माण गरिएको छ । पोखरा पर्यटकीय सहर हो । यहाँ आउने पर्यटकको बसाइ लम्ब्याउने र पार्कलाई पर्यटकीय स्थलका रुपमा विकास गर्ने योजना अनुसार काम भइरहेको पोखरा महानगरपालिकाका उपप्रमुख मञ्जुदेवी गुरुले बताउनुभयो ।

पार्क बनाउन महानगरले गत आर्थिक वर्षमा १ करोड रुपैयाँ विनियोजन गरेको थियो । त्यसमध्ये प्रारम्भिक चरणको काम सक्न ४५ लाख रुपैंयाँ खर्च भएको महानगरको भनाइ छ । पार्कमा सहिद तथा विभूतिका शालिक राखिएका छन् भने त्यहाँबाट पोखरा बजार, फेवाताल, माछापुच्छे, अन्नपूर्ण हिमशृंखला देख्न सकिन्छ । ताल, हिमाल, हरियाली डाँडाहरु र पोखरा बजारको दृश्यले सबैलाई मोहित बनाउँछ । पार्क निर्माण पूरा नहुँदै आन्तरिक तथा बाह्य पर्यटकको लागि गन्तव्य स्थल बनेको छ ।

दैनिक सयौंको संख्यामा आन्तरिक पर्यटक त्यहाँ पुग्ने गरेको पोखरा महानगरपालिका वडा नम्वर १८ का वडा सदस्य हरिप्रसाद लम्सालले बताउनुभयो । पर्यटकीय हिसाबले महत्वपूर्ण स्थल हो, पार्क निर्माणले पर्यटन प्रवर्द्धनमा थप टेवा पुऱ्याउने छ,' स्थानीय भरत थापाले भन्नुभयो, 'यसलाई व्यवस्थित गरेपछि उत्कृष्ट पर्यटकीय गन्तव्य बन्छ ।' पार्कको सबैभन्दा माथिल्लो भागमा पृथ्वीनारायण शाहको सालिक राखिएको छ । शाहको अघिल्तिरबाट पोखरा बजारसँगै फेवातालदेखि अन्नपूर्ण हिमशृंखला देखिन्छ । शाहको पूर्णकदको सालिक ६ फिट ३ इन्च अग्लो छ ।

पार्कमा करिब २० सहिद तथा राष्ट्रिय विभूतिको सालिक राख्ने योजना बनाइएको पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले बताउनुभयो । अहिले पार्कमा पृथ्वीनारायण शाहसँगै पुष्पलाल श्रेष्ठ, जनआन्दोलन २०६२/६३ का प्रथम सहित भिमसेन दाहालको शालिक राखिएको छ । पार्कमा राखिने अन्य सहिद र विभूतिका शालिक निर्माण भइरहेको छ । पार्कमा स्वर्गीय पूर्व पर्यटनमन्त्री रवीन्द्र अधिकारीको पूर्णकदको सालिक र हेलिकप्टर समेत राखिने छ ।

'पार्कमा रवीन्द्र ब्लक बन्छ । त्यसमा एउटा ठूलो डमी हेलिकप्टर राखिने भएको छ । त्यसले स्व: रवीन्द्रको सम्झनालाई ताजा बनाउने विश्वास लिएका छौं,' महानगरका प्रवक्ता धनबहादुर नेपालीले भन्नुभयो । बीपी कोइराला, भीमसेन थापा, हरि गुरुङ, योगेन्द्रमान शेरचन, लखन थापालगायत २० सहिद तथा राष्ट्रिय विभूतिको शालिक पार्कमा राख्ने महानगरको योजना छ । महानगरले पार्क पूर्णरुपमा तयार भइसकेपछि सडक चोकका सबै शालिकहरुलाई पार्कमा स्थानान्तरण गर्ने दाबी गरेको छ ।

# स्थानीय तहमा सेवा सुविधाको बहस



• **लक्ष्मण तिमिल्सिना**

स्थानीय तहको निर्वाचन सम्पन्न भएपछि एउटा आवाज बुलन्द बन्यो ,स्थानीय तहको जनप्रतिनिधिको सेवा सुविधा के हुने ? स्थानीय तहका केही नेताहरुले लोकप्रियताका लागि चुनावमा नै सेवा सुविधा नलिने घोषणा गरेर चर्चासमेत बटुले । निर्वाचन भएको लामो समय सम्म स्थानीय तहका जनप्रतिनिधिको सेवा सुविधा बारेको अन्यौलता कायम रह्यो । संविधानको प्रस्ट व्यवस्थाको आसय नै स्थानीय तहको जनप्रतिनिधिले पारिश्रमिक बापत तलब लिन नपाइने तर प्रदेश सभाले तोकिदिए बमोजिम सेवा सुविधा लिन पाउने प्रस्ट प्रावधान गरिएको थियो ।

सोही अनुरुप प्रदेश सरकारहरुले विभिन्न नाममा सेवा सुविधा तोकिदिए, त्यस्मा पनि चलाखी देखाउन सवल प्रदेश १ मात्र रह्यो, जसले जनप्रतिनिधिलाइ तलब वा पारिश्रमिक दिएन । सेवा सुविधाको नाममा मासिक केही रकम उपलब्ध गराउने निर्णय गऱ्यो ।

प्रदेश सरकारले पारित गरेको स्थानीय तहको जनप्रतिनिधिको सेवा सुविधा तथा पारिश्रमिक सम्बन्धी ऐनको विरुद्ध अदालतले गरेको फैसला पनि त्यही शाब्दिक समस्याको पेरिफेरिमा रहन पुग्यो । अधिवक्ता लोकेन्द्र ओलीले गत भदौ १ गते दायर गरेको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले स्थानीय तहका जनप्रतिनिधिको तलब र भत्ता गैरसंवैधानिक हुने फैसला गरेको हो ।

प्रदेशसभाले बनाएका सेवा सुविधा सम्बन्धी ऐनका प्रावधान संविधानको धारा २२० को (८) र धारा २२७ सँग बाझिँएकाले प्रदेश १ बाहेक अन्य प्रदेशले बनाएका सुविधासम्बन्धी ऐनका सबै अनुसूची खारेज गर्ने फैसला संवैधानिक इजलासबाट भएको हो । तर उक्त इजलासको फैसलाले तलब तथा पारिश्रमिक नदेउ भनेको छ,तर जनप्रतिनिधिलाइ सेवा सुविधामा उपलब्ध गराउन रोक भने लगाएको छैन ।

स्थानीय तह दुई पिल्लर नीतिमा चलेको छ,जसका लागि नेपाल सरकारले तयार पारिदिएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले नै यस्तो व्यवस्था गरिदिएको छ । स्थानीय तहका जनप्रतिनिधि नीति, कार्यक्रम र बजेट तयार गर्न सक्ने व्यवस्था भएपनि खर्च र आर्थिक दायित्व सिर्जना हुने कुनै पनि कामको लागि अख्तियारी दिने अधिकार राख्दैनन् । नीति तथा कार्यक्रम बनाउने कार्य जनप्रतिनिधिको भएता पनि कानुनले नै कार्यान्वयनको जिम्मेवारी कर्मचारी वर्गलाइ सुम्पेको छ । स्थानीय सभाले नीति तथा वार्षिक कार्यक्रम पास गरेको एक हप्ता भित्र कार्यन्वयनका लागि स्थानीय तहको प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाइ खर्च अख्तियारी दिनु पर्ने कानुनी व्यवस्था नै छ ।

स्थानीय तहको जनप्रतिनिधिको सेवा सुविधा तोकिएसँगै विभिन्न प्रदेशमा पारिश्रमिक कम र असमान भएको लगायतका आन्दोलन पनि भए । कति स्थानीय तहले कानुनको व्यवस्था गर्दै नगर सभा र गाउँ सभा वा कार्यपालिकाबाटै निर्णय गरेर समेत पारिश्रमिक लिएका थिए । यतिबेलै सामाजिक सञ्जालमा जनस्तरबाटै विरोधको आवाज निस्किएका थिए ।

वास्तवमै यो विषय आफैमा जटिल विषय पनि हो । प्रत्यक्ष जनताको काममा प्रभाव पार्न सक्ने स्थानीय तहका जनप्रतिनिधिलाइ तलब भत्ता दिनु पट्टक्कै राम्रो होइन, तर जनप्रतिनिधिलाई सामान्य रुपमा उसका आवश्यकता पूर्ति गर्ने सेवा सुविधा उपलब्ध नगराउने हो भने यस्ले सुशासनका लागि असहयोग गर्ने नै छ । तसर्थ सुशासनको लागि समेत स्थानीय तहको लागि आर्थिक पारदर्शिता आवाश्यक र मुख्य खम्बा नै हो । यसलाइ जसरी ठूलो बनाइएको छ,त्यसो हुनु हुँदैनथ्यो ।

राजनीति सेवा हो यसमा दुइ मत छैन तर, राजनीति गर्ने मान्छेलाइ ५ वर्ष अन्य काम नगरी राज्यको मात्र काम गर भन्नुको तात्पर्यताले आर्थिक बेथितिलाइ नै मलजल गर्ने देखिन्छ । जिविकोपार्जनको लागि केही सेवा सुविधा उपलब्ध गराउँदै स्थानीय तहको क्षेत्राधिकार भित्र भएका स्रोत साधनको परिचालन गर्दै राजस्व संकलन वृद्धिको लागि जनप्रतिनिधिको कामलाई थप शसक्त पार्नु पर्दछ। अन्यथा जनप्रतिनिधिले पेशा व्यवसाय गर्न नपाउने अनि सेवा सुविधामा पनि विरोध गर्ने हो भने त्यहा आर्थिक पारदर्शिता कायम हुनै सक्दैन । तसर्थ जनप्रतिनिधिलाई तलब वा पारिश्रमिकको सट्टा उसको कार्यकालमा उसको जिम्मा राज्यले लिनु पर्दछ ।

बरु आर्थिक पारदर्शिताको लागि विभिन्न आधार तयार पार्ने बारे जनता सजग र राज्य जिम्मेवार बन्नु पर्दछ ।

केही समय अघि एउटा घटनाले मलाई अचम्मित बनाएको थियो । एक मित्रले घटना यसरी सुनाउँदै थिए, तीन वर्ष अघि सरकारी सेवामा जागिर खाएको एक मित्रले चर्चित सहरमा १५ लाख बैंकबाट रिन लिगेर १ करोड ५ लाखको घडेरी जोडजाम गरे । उनको आर्थिक हैसियतबारे उ जानकार धेरै पहिले बाट थियो । घरमा अन्य आयस्रोत नभएको मान्छेले तीन वर्षमा ९० लाख बचत गर्नु हिसाबले पक्कै पनि वैधानिक देखिँदैन । तर राज्य स्रोतले यसबारे उ सँगबाट केही प्रमाण खोज्ने आधार नै भेटाउँदैनन् । उसको जग्गा रजिस्ट्रेसनको लागि कायम मूल्य १३ लाख कायम गराइएको थियो । जग्गाको सरकारी न्युनतम मुल्यांकनको आधारमा रजिस्ट्रेसन पास गराइदिँदा एकातिर आर्थिक पारदर्शिता हुन पाएन भने अर्को तिर राज्यले पाहुने ठूलो कर छलि हुने अवस्था आयो । यसबारे कुनै कर्मचारी जिम्मेवारी बन्न सकेका छैनन । राज्य स्तरबाट पनि कुनै पहल हुन सकेको छैन । अब कानुनले नै व्यवस्था गराएर कारोवारको रकममै जग्गा रजिस्ट्रेसन पास बैकिङ कारोवार मार्फत गरेमा यसले आर्थिक पारदर्शीता कायम गराउन सक्छ ।

त्यस्तै स्थानीय तहले खानी तथा नदीजन्य पदार्थ प्रयोग तथा उत्खननको लागि ठेक्का लगाउँछन,त्यसरी ठेक्का लगाउँदा ढुंगा बालुवा लगायतका सामग्री ४ सय देखि ६ सय प्रति घनमिटरमा बेच्दछन् । फेरि तिनै सामग्री सरकारले विकास निर्माणको लागि प्रयोग गर्दा प्रति घनमिटर १ हजार २ सय देखि १ हजार ८ सय घनमिटर सम्ममा खरिद गर्ने गर्दछन । यसले राज्यलाई थप कमजोर बनाइरहेको हुन्छ । तसर्थ सरकार राजस्व संकलनमा जिम्मेवार बन्दै आर्थिक सुशासनको लागि जनप्रतिनिधिलाई जिम्मेवार बनाउनु पर्छ । जसले जनताको टाउकोमा परेको ऋण घटाउन सहयोग गर्नेछ भन्ने राष्ट्रमा केही व्यक्ति शक्तिशाली बन्नुको सट्टा राज्य नै शक्तिशाली बन्ने छ । यी र यस्ता खरबौ राज्यको स्रोत सही सदुप्रयोगबारे कोही जिम्मेवार बन्न सकेको छैन ।

जनप्रतिनिधिलाई सेवा सुविधा नदिने कुरा भट्ट सुन्दा राम्रो तर दीर्घकालीन हिसाबले राज्यका लागि हानिकारक हुने देखिन्छ । यसले कमिसनलाई प्रश्रय दिन्छ । डोजर आतंकलाई मलजल गर्छ । समयमा नै सोचौं, आवेगले होइन विवेकले सोचौं ।

*(तिमिल्सिना प्रमुखज्यूको स्वकीय सचिव हुनुहुन्छ)*

# फोहोर वर्गीकरण गरेर व्यवस्थापन गरौं।

## 'फोहोर स्रोत हो, समस्या होइन'

**मल बनाउन सकिने फोहर** : तरकारी तथा फलफूलका बोक्राहरु,उब्रेको खानेकुरा, धुलो कसिंगर, सडेगलेका सागसब्जी, कृषि कार्य गर्दा निस्केको भारपात, रुखका पात स–साना हागाबिगा लगायत कुहिने फोहर मलखादमा राखि मल बनाउन सकिन्छ ।

**बिक्री गरी आम्दानी गर्न सकिने फोहोर** : कागज, कार्टुन, प्लास्टिकजन्य बस्तु -प्लास्टिकको भोला, दुध, घ्यु तथा तेलको प्याकेट र वट्टा) सिसा, फुटेको सिसा, मसीको बोटल, कलम, फलाम ,टिना, तामा, पित्तल, आल्मुनियम, जुट तथा प्लास्टिकका बोरा, स्याम्पुका वट्टाहरु, टुथपेस्ट तथा टुथब्रस, फुटेका बाटा तथा बाल्टिन, मिनरल वाटरको बोतल पुराना चप्पल, काम नलाग्ने कपडा आदि वस्तुहरु संकलन गरी बिक्री गरेर आय आर्जन गर्न सकिन्छ ।

**पुनः पयोगमा ल्याउन सकिने फोहोर** : चकलेटको खोलबाट माला वा तोरन बनाउन सकिन्छ । चाउचाउका खोलहरु चकटी बुन्ने, टि म्याट वा अन्य सामान बनाउन प्रयोगमा ल्याउन सकिन्छ ।

**ल्यान्डफिलमा पठाउनुपर्ने फोहोर** : मल बनाउन नसकिने, बिक्री पनि नहुने र पुनः प्रयोगमा आउन नसक्ने फोहोर मात्र ल्यान्डफिलमा पठाउने फोहोर हो ।

**फोहोरमैला व्यवस्थापन सम्बन्धमा सहयोग लिनु परेमा थप कुरा बुझ्नु परेमा वा केही गुनासो भएमा पोखरा महानगरपालिकाको सरसफाइ शाखाको टेलिफोन नं. ०६१–५२८५८५ मा सम्पर्क गर्न अनुरोध छ।**

**पोखरा महानगरपालिका**

## उपमेयरसँग महिला कार्यक्रम

# ५ लाखमा सिलाइकटिङ सेन्टर



महिलाहरुलाई सिप सिकाएर आत्मनिर्भर बनाउने उद्देश्यले पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा सिलाइकटिङ तालिम केन्द्र सञ्चालनमा आएको छ । पोखरा महानगरपालिका वडा नम्बर १२ माटेपानीमा दिदीबहिनी सिलाइकटिङ तालिम केन्द्र सञ्चालनमा आएको हो ।

पोखरा महानगरले सञ्चालन गरेको उपप्रमुखसँग महिला कार्यक्रम अन्तर्गत उक्त केन्द्र सञ्चालनमा आएको छ । उपप्रमुखसँग महिला कार्यक्रमको ५ लाख रुपैँयाँको सहयोगमा केन्द्र सञ्चालनमा ल्याइएको दिदीबहिनी महिला समूहका अध्यक्ष मायादेवी तझ्याले बताउनुभयो । पाँच प्रतिशत व्याजमा महानगरले ऋण लगानी गरेको हो ।

महानगरले गत आर्थिक वर्षमा उपप्रमुखसँग महिला कार्यक्रमका लागि २ करोड रुपैयाँ विनियोजन गरेको थियो ।सोही अर्न्तगत दिदीबहिनी समूहले पाँच लाख रुपैयाँ प्राप्त गरेको हो । समूहले पनि केही रकम लगानी गर्ने छ । केन्द्रमा महिलाहरुलाई सिलाइकटिङ तालिम दिने र तालिमपछि रोजगारी दिने समूहका अध्यक्ष माया तझ्याले बताउनुभयो । तालिम सिक्न चाहनेलाई आधारभूत तालिमका लागि १ हजार र एड्भान्स तालिम सिक्न ३ हजार मासिक शुल्क लाग्ने अध्यक्ष तझ्याले जानकारी दिनुभयो । महानगरको आर्थिक सहयोगमा सञ्चालनमा आएको यो पहिलो सेन्टर हो ।

सिलाइकटिङ सेन्टरको पोखरामा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो । उद्घाटन गर्दै उहाँले महिलाहरुलाई सिप सिकाएर आर्थिक अवस्थामाथि उकास्न कार्यक्रम सञ्चालन गरिएको बताउनुभयो । समाजमा महिलाहरु आर्थिक रुपमा सक्षम नहुँदा विभेदमा परेको भन्दै अब आर्थिक रुपमा आफै सक्षम हुनुपर्ने र त्यसका लागि केन्द्रले सहयोग पुग्ने विश्वास गुरुङको छ । अब महानगरले सिलाइकटिङ तालिम सिक्न चाहनेहरुलाई त्यही पठाउने उपप्रमुख गुरुङले बताउनुभयो ।

'सिलाइकटिङ सिक्न चाहनेहरुलाई यही सेन्टरमा पठाउँछौं', उहाँले भन्नुभयो,'महानगरले हिजोका दिनमा तालिममा धेरै पैसा खर्च गऱ्यो तर त्यसको नतिजा देखिएन, अब भने नजिता आउने विश्वास लिएका छौं ।' महानगरले सबै वडामा तालिम सेन्टर सञ्चालन गर्ने र जस्ले जुन तालिम लिन चाहान्छ त्यस्तै तालिम सिकाउने बताउनुभभयो । 'विगतमा संघसंस्थालाई पैसा दिएर गरिएका तालिम प्रभावकारी भएनन्,'त्यसैले महानगरले आफै सेन्टर खोल्ने र तालिम दिने व्यवस्था गर्ने छौं ।' उहाँका अनुसार आवश्यकताका आधारमा तालिमको व्यवस्था गर्ने र महिलाले उत्पादन गरेका बस्तुलाई बजारीकरण गर्न कोसेली घर खोल्ने तयारी महानगरले गरिरहेको समेत बताउनुभयो ।

कार्यपालिका सदस्य राधिका शाही योगीले महिलाहरुको जीवनस्तरलाई माथि उकास्न कार्यक्रम सञ्चालन गरिएको बताउदै सामूहिक भावनाले काम गर्नुपर्ने र उत्पादनमा लाग्न दिदीबहिनी समूहले उदाहरण प्रस्तुत गरेको बताउनुभयो । कार्यपीलिका सदस्य सन्तु सुवेदीले तालिम प्रभावकारी हुनुपर्ने र त्यसले महिलाको जीवनस्तरमा परिवर्तन ल्याउनुपर्नेमा जोड दिनुभयो । सेन्टरमा रोजगारी सिर्जना गर्नुपर्ने सुवेदीको भनाइ थियो । वडा नम्बर १२ का अध्यक्ष रामबहादुर कार्कीको अध्यक्षतामा भएको कार्यक्रममा वडा सदस्य निशा मल्ल, कृष्ण कोइराला, गुप्तबहादुर कार्की र दिदीबहिनी समूहका सचिव शारदा गौतम लगायतले महिलाहरु आर्थिक रुपमा आत्मनिर्भर बन्न उद्यमी बन्नुपर्नेमा जोड दिनुभयो ।

*- पोखरा, साउन ११*

# १३ लाई फोहोरमुक्त वडा बनाउने अभियान सुरु

फोहोर व्यवस्थापन र सामाजिक रुपान्तरणका लागि स्वास्थ्य तथा सरसफाइमा वडाबासीको आनीबानीमा परिवर्तन ल्याई पोखराको वडा नम्बर १३ लाई जिरो वेस्ट अर्थात फोहोर मुक्त वडा बनाउने अभियान सुरु भएको छ । पहिलो चरणमा वडा नम्बर १३ को रक्षा मार्ग र मिलन मार्गका ५४ घरधुरीलाई यो कार्यमा सहभागी गराई परीक्षण अभियान शुक्रबारबाट सुरु गरिएको हो । शुक्रबार एक कार्यक्रमबीच वडा नम्बर १३ का अध्यक्ष लेखबहादुर तामाङ दर्शन लामाले फोहोर वर्गीकरण गर्न डस्टबिन वितरण गरी अभियानको सुरुवात गर्नुभयो ।

उक्त अवसरमा उहाँले कुहिने फोहोरलाई टोलबासी आफैले व्यवस्थान गरी कपोस्ट मल बनाउने र नकुहिने फोहोरको व्यवस्थापनमा वडाले सहयोग गर्ने बताउनुभयो । उहाँले नकुहिने फोहोर टोलबासीबाट वडाले संकलन गरी रिसाइकलिङका लागि पठाउन आवश्यक सहयोग गर्ने बताउनुभयो । त्यसका लागि पोखरा वेस्ट मेनेजमेन्ट रिसाइकलिङ प्रालिसँग वडा कार्यालयले सम्झौता गरेको छ । नकुहिने फोहोरलाई प्रतिकेजी १५ रुपैयाँदेखि ४५ रुपैयाँसम्म प्रालिले खरिद गर्नेछ । प्रालिले प्लास्टिक, नफुटेका सिसाका बोत्तल, कागज लगायतका सामग्री खरिद गर्नेछ ।

वडालाई जिरो वेस्ट वडा बनाउन परीक्षणको लागि थालिएको दुई टोलको अनगुमन गर्न वडाले तीन जनालाई जिम्मेवारी दिएको छ । उक्त टोलबासीमा स्वास्थ्य तथा सरसफाइको आनीबानीमा परिवर्तन भए/नभएको अनुगमन गर्न, फोहोरलाई उचीत ढंगले व्यवस्थापन भए/नभएको बारे जानकारी लिन तीन जनालाई जिम्मेवारी दिइएको हो ।



## २ वर्षभित्र वडा नम्बर १३ लाई फोहोर मुक्त वडा बनाइने

वडा सदस्य कृष्णकुमारी गुरुङको संयोजकत्वमा फोहोर विशषेज्ञ छवि गौंडेल र वडाका सुपरभाइजर नवीना क्षेत्रीलाई उक्त टोलमा खटाइएको वडा अध्यक्ष लामाले जानकारी दिनुभयो । फोहोर मुक्त टोल बनाउन दुबै टोलका ५/५ जनालाई जिम्मेवारी दिएर अगुवाई गर्न वडाले आग्रह गरेको छ ।

पहिलो चरणमा गरिएको परीक्षण अभियानबाट ५४ घरधुरीका ३ सय १ जना र बाल कल्याण बोर्डिङ स्कुलका ७ सय ४९ विद्यार्थी लाभाम्वित हुने अध्यक्ष लामाले बताउनुभयो । उहाँका अनुसार दुई टोललाई फोहोर मुक्त बनाएपछि अन्य टोलमा यो अभियान सुरु गरिनेछ । आगामी २ वर्ष भित्र वडालाई फोहोर मुक्त वडा बनाउने गरी काम अगाडि बढाइएको लामाले बताउनुभयो । बाल कल्याण बोर्डिङ स्कुलमा आयोजित कार्यक्रममा वडा अध्यक्ष लामाले फोहोर वर्गीकरण गरेर राख्नका लागि स्कुलका प्राचार्य षडानन्द गौतमलाई ४ वटा डस्टबिन हस्तान्रण गर्नुभयो ।

अध्यक्ष लामाले २ टोलका ५४ घर धुरीलाई फोहोर वर्गीकरण गर्ने तालिम दिइसकिएको र डस्टबिन पनि वितरण गरिने बताउनुभयो । घरमै फोहोरको व्यवस्थापन गरी ल्यान्डफिलमा फोहोर नपठाई वडालाई फोहोर मुक्त बनाउन अभियान सुरु गरिएको उहाँको भनाइ छ । विश्वका विभिन्न देशमा पनि जिरो वेस्ट ठाउँहरु भएको बताउँदै अध्यक्ष लामाले पोखरालाई पनि फोहोर मुक्त बनाउन नगरबासीलाई सक्रिय गराउनु पर्ने बताउनुभयो । एक तथ्यांक अनुसार पोखरा दैनिक १ सय ८० टन फोहोर उत्पादन हुने गरेको छ भने उक्त फोहोरलाई उचीन व्यवस्थापन गरी मोहरमा बदल्न सकिनेछ । नेपालमा सरसफाइ प्रवर्द्धनको व्यवस्थित प्रयासको सुरुवात सन १९८० को दशकमा संयुक्त राष्ट्रसंघले खानेपानी आपूर्ति र सरसफाइ अन्तर्राष्ट्रिय दशक घोषणा गरेपछि मात्र भएको हो । *पोखरा, १७ साउन*

# पोखरा १९ र २८ का बाख्रापालक किसानलाई अनुदान





पोखरा महानगरपालिकाले बाख्रापालक किसानलाई अनुदान रकम हस्तान्तरण गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर १९ का ५० जना किसानलाई अनुदान रकम दिएको हो । कार्यक्रममा पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले किसानलाई ४० हजारका दरुले अनुदान रकम हस्तान्तरण गर्नुभएको हो । ८ वटा भन्दा बढी बाख्रापालक किसानलाई महानगरले खोर निर्माण र बाख्रा खरिदको लागि उक्त रकम हस्तान्तरण गरेको हो ।

प्रमुख जिसीले किसानहरुलाई प्रोत्साहन स्वरुप उक्त अनुदान दिएको बताउनुभयो । उहाँले केही समयपछि अनुदान दिने कार्यलाई अन्त्य गर्नुपर्ने बताउँदै जोखिम न्यूनीकरण गर्नका लागि क्षतिपूर्ति कोष र बिमातर्फ किसानलाई आकर्षित गर्नुपर्ने बताउनुभयो । जनताले तिरेको करबाट नै महानगरले किसानलाई अनुदान दिएकाले यसको सही सदुपयोग गर्न र अन्य किसानलाई पनि प्रेरण दिने गरी काम गर्न अनुदान पाएका किसानलाई प्रमुख जिसीले आग्रह गर्नुभयो । निर्वाहमुखी भन्दा पनि व्यावसायिक रुपमा खेती तथा पशुपालन गर्न किसानहरुलाई आग्रह गर्दै आगामी दिनमा पनि किसानलाई प्रोत्साहन गर्न महानगरले सक्दो सहयोग गर्ने बताउनुभयो ।

वडा नम्बर १९ का वडा अध्यक्ष शोभामोशन पौडेलले बाख्रापालक किसानलाई मात्र नभई अरु किसानलाई पनि महानगरले सहयोग गर्ने बताउनुभयो । उहाँले वडा नम्बर १९ लाई बाख्रापालनको लागि पकेट क्षेत्र बनाउन महानगरले सक्दो सहयोग गर्ने बताउनुभयो । कार्यक्रममा प्राकृतिक स्रोत व्यवस्थापन क्याम्पस पुरचौरका क्याम्पस प्रमुख चन्द्रेश्वर श्रीवास्तवले किसान समृद्ध नहुँदासम्म देश समृद्ध हुन नसक्ने बताउनुभयो । पोखरा महानगरपालिका पुश सेवा महाशाखाका प्रमुख शिव वाग्लेले व्यावसायिक रुपमा बाख्रापालन गरेका ५० जना किसानलाई ४० हजारका दरले २० लाख अनुदान वितरण गरिएको बताउनुभयो ।

वडा नम्बर १९ का वडा अध्यक्ष शोभामोहन पौडेलको अध्यक्षतमा भएको कार्यक्रममा व्यवसायिक बाख्रापालक कृषक समितिका अध्यष शिवबहादुर केसी, वडा समिति सदस्य कृष्ण गौतम र किसान लक्ष्मी अधिकारीले अहिलेको अनुदान वास्तविक किसनले पाएको बताउनुभयो । महानगरको पशु सेवा महाशाखाका अधिकृत नवराज अधिकारीले विभिन्न समयमा शिविर सञ्चालन गरी किसानहरुलाई प्राविधिक सेवा पनि उपलब्ध गराउँदै आएको बताउनुभयो ।

**पोखरा २८ का किसानलाई पनि अनुदान**

पोखरा-२८ का बाख्रापालक किसानलाई व्यावसायिक बाख्रापालनका लागि महानगरपालिकाले अनुदान वितरण गरेको छ । पोखरा-२८ स्थित ५० किसानलाई जनही ४० हजारका दरले रु. २० लाख रुपैयाँ महानगरले वितरण गरेको हो ।

स्थानीय व्यावसायिक बाख्रा पालन समिति र वडा नं. २८ को समन्वयमा वडा कार्यपालिकाको कार्यलय-२८ मा आयोजित एक कार्यक्रमका बीच बुधबार महानगरका प्रमुख मानबहादुर जिसीले सो अनुदान वितरण गर्नुभएको हो । प्रमुख जिसीले अनुदान रकम जीवनस्तरको गर्जो टार्ने मात्र नभई किसानहरुलाई व्यावसायिक बनाउन समेत उपयोगी हुने धारणा राख्नुभयो ।

कार्यक्रममा वडा नं. २८ का वडा अध्यक्ष निर्मल दियालीले कम्तीमा ५ वटा माउ बाख्रासहित १३ वटा बाख्रा भएका किसानहरुलाई व्यावसायिकता तर्फ उन्मुख गर्न यो अनुदान रकम वितरण गरिएको बताउनु भयो । स्थानीय प्रजातिका बाख्राहरुको पालन र प्रवर्द्धनमा समेत अनुदान फलदायी हुने उहाँको धारणा थियो । पशु सेवा महाशाखाका प्रमुख शिव वाग्लेले कृषकहरुका लागि अनुदान वितरण कार्यक्रमको सकरात्मक शुरुवात भएको र पशु सेवासँग सम्बन्धित किसानलक्षित अन्य कार्यक्रमहरु आगामी दिनहरुमा समेत निरन्तर रहने बताउनु भयो ।

*पोखरा, २३ साउन*

# पर्स्याङमा प्याकेजिङ उद्योग




पोखरा महानगरपालिका वडा नं. ५, पर्स्याङमा सफल एग्रो उत्पादन तथा प्याकेजिङ उद्योग सञ्चालनमा आएको छ । पोखरा महानगरले सञ्चालन गरेको उपप्रमुखसंग महिला कार्यक्रमको सहयोगमा पोखरा-५ स्थित सफल महिला विकास केन्द्रले उक्त उद्योग सञ्चालन गरेको हो ।

२०७४ सालमा स्थापित उक्त उद्योगमा हाल १ सय २० जना महिला आवद्ध छन् । पोखरा महानगरको ४ लाख र समूहमा आवद्ध सदस्यबाट संकलित ६ लाख गरी १० लाखको लगानीमा सफल एग्रो सञ्चालन भएको हो । उद्योगको शुभारम्भ गर्दै पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले चुल्होचौकामा सीमित महिलाहरू बाहिर निस्किएर उद्यमशीलतामा लाग्नु महत्वपूर्ण भएको बताउनुभयो । उहाँले उद्योग पारदर्शी ढंगले सफलतापूर्वक सञ्चालन गर्नुपर्नेमा समेत जोड दिनुभयो ।

नाफा मात्र नहेरी स्थानीय स्तरमा उत्पादन भएका सामग्रीलाई विशेष महत्व दिन उहाँले आग्रह गर्नुभयो । उपमेयर गुरुङले महिला चुल्होचौकोबाट बाहिर आउनुपर्छ भन्ने उद्देश्यले नै महिलासँग उपमेयर कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । वडाध्यक्ष एवं महानगरका प्रवक्ता धनबहादुर नेपालीले वडाकै शीर ठाडो हुने गरी उद्योग सञ्चालन गर्न आग्रह गर्दै उद्योगका लागि आवश्यक पर्ने सबै प्रकारका सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाउनुभयो ।

वडा सदस्य उज्ज्वल खत्रीले उद्योग खोल्नुमात्र ठूलो कुरा नभएको भन्दै उद्योगलाई दीगो रुपमा सञ्चालन गर्नु अबको चुनौती भएको बताउनुभयो । उहाँले उद्योग खोलिसकेपछि प्रतिस्पर्धात्मक ढंगले अघि बढ्न र गुणस्तरीय समानले भरिपूर्ण बनाउन आवश्यक रहेको स्पष्ट पार्नुभयो ।

पोखरा महानगरको सहकारी समिति अध्यक्ष तेजनारायण अधिकारीले महिलाद्वारा सञ्चालित कार्यक्रम तथा उद्योगहरु सफल हुने विश्वास व्यक्त गर्नुभयो । पर्स्याङ टोल विकास संस्थाका अध्यक्ष डिल्लीराम भट्टराईले गुणस्तरीय र शुद्ध अर्गानिक सामग्री उत्पादन गर्नुपर्नेमा जोड दिनुभयो ।

समितिका अध्यक्ष सिर्जना शाहको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरका कार्यपालिका सदस्य राधिका शाही योगी, उद्योगकी कार्यक्रम संयोजक एवं वडा सदस्य हरिमाया विक, वडासदस्य अञ्जु केसी, प्रेमदेवी परियार, धर्मस्थली आमा समूहकी अध्यक्ष इन्दिरा पराजुली, समाजसेवी शुभद्रा कोइराला, समितिकी उपाध्यक्ष धनमाया पण्डित, उमा कोइराला, सचिव पवित्रा शर्मा लगायतले बोलेका थिए ।

*पोखरा २५ साउन*

## हाम्रो अनुरोध

- सफा सुन्दर महानगर निर्माणमा सबैले मलिर काम गरौं ।
- हरियाली सहर निर्माण गर्न सबै नगरबासी जुटौं ।
- पर्यटकलाई सधै हसिलो भएर स्वागत गरौं
- हाम्रा पर्व र सस्ंकृतिको संरक्षण गरौं

# गोस्तेमा झोला उद्योग




महिलाहरुलाई उद्यमशिलता मार्फत आत्मनिर्भर र स्वरोजगार बनाउने अभियान अर्न्तगत पोखरा महानगरपालिका वडा नम्बर १९ मा झोला उद्योग सञ्चालन गरिएको छ । पोखरा महानगरपालिकाद्वारा सञ्चालित उपप्रमुखसँग महिला कार्यक्रम मार्फत् उद्योग सञ्चालन गरिएको हो । उपप्रमुखसँग महिला कार्यक्रमको १३ लाखको लागतमा झोला उद्योग सञ्चालन गरिएको हो । पोखरा १९ को गोस्ते घाटका महिलाहरुको माग र वडाको सिफारिसमा पाँच प्रतिशत ब्याजमा उपप्रमुखसँग महिला कार्यक्रम मार्फत् उद्योगको स्थापना गरिएको हो ।

उद्योगको आइबार पोखरा महानगरपालिका उपप्रमुख मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो । उद्योगको उद्घाटनपछि बोल्दै उपप्रमुख गुरुङले महिलाहरु उद्यमी बन्दै आर्थिक रुपमा आत्मनिर्भर बन्नुपर्नेमा जोड दिनुभयो । महिलाहरु आर्थिक रुपमा सक्षम नहुदाँ अरुसँग निर्भर हुनुपर्ने भएका अब आर्थिक रुपमा सबल र सक्षम हुन उद्यमी बन्नुपर्ने बताउनुभयो । उहाँले महानगरभित्र सञ्चालन भएका उद्योगहरुले उत्पादन गरेका सामग्रीको बजारीकरण गर्न उपहार बिक्री केन्द्र स्थापना गरिने समेत बताउनुभयो । महागनरले गत आर्थिक वर्ष २०७५/७६ मा ५० उद्यमी ५ सय महिला रोजगार, सहकारीसँग सहकार्य लगायत कार्यक्रम सञ्चालन गरेको गुरुङले जानकारी दिइन् ।

महिलाकै लागि भनेर उपप्रमुखसँग महिला कार्यक्रम सञ्चालन गरेको बताउनुभयो । उक्त कार्यक्रमबाट महिलालाई उद्यमी बनाउन विना धितो ऋण दिने, उद्योग सञ्चालकका लागि न्यून ब्याजमा ऋण लगानी गर्ने बताउनुभयो । उपप्रमुखसँग महिला कार्यक्रमका लागि गत आर्थिक वर्षमा २ करोड रुपैयाँ विनियोजन गरिएको र त्यो रकम वितरण भइसकेको बताउँदै चालु आर्थिक वर्ष २०७६/७७ का लागि ३ करोड रुपैयाँ विनियोजन गरिएको जानकारी दिनुभयो ।

उद्योग सञ्चालन अघि वडाको आर्थिक सहयोगमा महिलाहरुलाई तीन महिने तालिम प्रदान गरिएको वडा अध्यक्ष शोभामोहन पौडेलले बताए । तालिम लिएर महिला दक्ष भएपछि महानगरको सहयोगमा उद्योग सञ्चालन गरिएको बताउनुभयो । उहाँले महिलाहरुले उत्पादन गरेका सामाग्रीहरुलाई बजारीकरण गर्नका लागि सहयोग गर्ने बताउनुभयो । सुकुम्वासी बस्ती भन्दा मानिसहरु नकरात्मक सोच राख्थे तर यहाँका महिलाहरुले सिक्ने क्रममा बनाएका झोला उत्कृष्ट भएको बताउँदै ती झोलालाई अझै कलात्मकता दिएर बजारीकरणको व्यवस्था मिलाउने बताउनुभयो ।

गोस्ते महिला विकास उपभोक्ता समितिका अध्यक्ष अरुणा गुरुङले उद्योगमा झोला, कपडा, कोट, जुत्ता लगायतका सामाग्री उत्पादन गरिने बताउनुभयो । उहाँका अनुसार ७ जनाले तानमा बुन्ने, ४ जनाले मेसिनमा सिलाउन, ४ जनाले पेन्टिङ र दुई जनाले बुट्टा भर्ने काम गर्ने बताउनुभयो । उद्योगमा १६ जना महिलाल झोला बुन्ने काम गर्दै आएको वडा सदस्य एंव कार्यक्रम संयोजक कोपिला केसीले बताउनुभयो ।

सेती नदी किनारमा रहेको बस्तीमा ७५ घर छन् । कार्यक्रममा नेकपा १९ का अध्यक्ष विष्णु गौतम, नेपाली कांग्रेस १९ का नेता महेश्वर पौडेल, महिला उद्यमी हीरा भट्टराई, मातृशिशु मितेरी अस्पताल सञ्चालक समितिका अध्यक्ष उषा बरुवाल, गोस्तेघाट टोल विकास संस्थाका अध्यक्ष विजय गुरुङ लगायतले बोल्नु भएको थियो । - पोखरा, साउन २७

# उत्कृष्ट नतिजा ल्याउने विद्यालय पुरस्कृत




पोखरा महानगरपालिकाले एसइई र कक्षा १२ मा उत्कृष्ट नतिजा ल्याउने विद्यालयलाई नगदसहित पुरस्कृत गरेको छ । ४० औं राष्ट्रिय शिक्षा दिवस तथा ५३ औ अन्तर्राराष्ट्रिय साक्षरता दिवसको अवसरमा पुरस्कृत गरेको हो। पोखरा सभागृहमा आयोजित कार्यक्रममा वि.स.२०७४ को एसइई परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल विद्यालय शीतलादेवी सामुदायिक माविलाई नगद १ लाख ५० हजारसहति पुरस्कृत गरिएको हो । संस्थागततर्फ मदरल्यान्ड मावि नगद १ लाख रुपैयाँसहित पुरस्कृत भएको छ । कक्षा १२ तर्फ उत्कृष्ट नतिजा ल्याउन सफल भएको भन्दै महानगरले अमरसिंह नमुना माविलाई नगद १ लाख ५० हजारसहित पुरस्कृत गरेको छ ।

कार्यक्रममा गण्डकी प्रदेशकै ठूलो सरकारी क्याम्पस पृथ्वीनारायण क्याम्पसले पनि १ लाख ५० हजार रुपैंयाँ प्राप्त गरेको छ । क्याम्पसतर्फ सबैभन्दा उत्कृष्ट नतिजा ल्याएको भन्दै शिक्षा दिवसको अवसरमा पोखरा महागनरका उपप्रमुख मञ्जुदेवी गुरुङले पुरस्कृत गर्नुभयो । त्यस्तै कार्यक्रममा एसइई, कक्षा आठमा उत्कृष्ट नतिजा ल्याउन सफल सामुदायिक, संस्थागत विद्यालय, शिक्षक, सहयोगी, कर्मचारी गरी ९४ जनालाई सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको हो ।

सम्मानित सबैलाई पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङ, निमित्त प्रमुख प्रशाकीय अधिकृत गंगालाल सुवेदी, वडा नम्बर १६ का अध्यक्ष जीवनप्रसाद आचार्य, वडा नम्बर १९ का अध्यक्ष शोभामोहन पौडेल, वडा नम्बर २२ का अध्यक्ष मित्रलाल बराल, कार्यपालिका सदस्यद्धय सन्तु सुवेदी, यशोदा भट्टराई, महागनर शैक्षिक प्रशासन महाशाखा प्रमुख गंगाबहादुर गुरुङ लगायतले दोसल्ला, सम्मानपत्रले सम्मान गर्नुभयो ।

कार्यक्रममा बोल्दै पोखरा महानगरका उपप्रमुख मञ्जुदेवी गुरुङले महानगरले प्रविधि शिक्षालाई जोड दिएको बताउनुभयो । उहाँले पोखरालाई अध्ययन अनुसन्धानको केन्द्रको रुपमा निर्माण गर्ने गरी प्राविधिक शिक्षालाई जोड दिएको बताउनुभयो ।

महानगरले प्राविधिक शिक्षालाई जोड दिँदै आफ्नै प्राविधिक विद्यालय खोल्ने तयारी गरिरहेको जानकारी दिनुभयो । 'महानगरले प्राविधिक शिक्षालाई जोड दिएको छ र अध्ययन अनुसन्धानको केन्द्र निर्माण गर्ने नीति लिएका छौं ।' उपप्रमुख गुरुङले शिक्षा क्षेत्रमा परिर्वतन भइरहेको बताउँदै शिक्षालाई समय सापेक्ष बनाउन पूर्वाधार निर्माणमा आवश्यक रहेको बताउनुभयो । 'महागनरभित्रका विद्यालयको भौतिक पूर्वाधार सुधारमा महानगरले ध्यान दिने छ,' उहाँले भन्नुभयो,' शिक्षा क्षेत्रको सुधारका लागि सबैको सहयोग, साथ र सुझावको आवश्यकता छ ।' शिक्षा दिवसको अवसरमा उत्कृष्ट नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई सम्मान गरिएको छ,'उहाँले भन्नुभयो, यस्तै पुरस्कृत हुने गरी नतिजा ल्याउने काममा लाग्न आग्रह गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य सन्तु सुवेदी, पृथ्वीनाराण क्याम्पसका प्रमुख डा.चन्द्रबहादुर थापा, पोखरा महानगर शैक्षिक प्रशासन महाशाखा प्रमुख गंगाबहादुर गुरुङ, नेपाल राष्ट्रिय शिक्षक संघ पोखरा नगर समिति अध्यक्ष भोलनाथ पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष विष्णुप्रसाद त्रिपाठी, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष भुवनप्रसाद सुवेदी लगायतले शिक्षा क्षेत्रका बारेमा बोल्नुभएको थियो ।

*पोखरा, भदौ २३*

# कोरियाको ग्यान्बोन प्रान्तबीच साझेदारी सम्झौता

पोखरा महानगरपालिका, दक्षिण कोरियाको ग्यान्बोन प्रान्त र दक्षिण कोरियाको हरित टेक्नोलोजी केन्द्रबीच विश्व कार्बन फोरम २०१९ को अवसरमा साझेदारीमा सम्झौता भएको छ ।

सम्झौतामा नेपालको तर्फबाट पोखरा महानगरका प्रमुख मानबहादुर जिसी, ग्यान्बोन प्रान्तको तर्फबाट गभर्नर मुन सुन चोइ तथा हरित टेक्नोलोजी केन्द्रको तर्फबाट प्रमुख कार्यकारी निर्देशक क्युंग नाम सिनले हस्ताक्षर गर्नुभएको छ । सम्झौता अनुसार पोखरामा हरियाली सहितको यातायात पूर्वाधार निर्माणको परियोजनालाई महत्व दिइएको छ । स्मार्ट वातावरण मैत्री पर्यटन, स्मार्ट सहरका प्रविधिहरु, इ मोबिलिटी, वैज्ञानिक खोज तथा अध्ययन अनुसन्धान तथा पोखराको संस्थागत विकासका लागि कार्य गर्ने बताइएको छ ।

हरित टेक्नोलोजी केन्द्रले यस अघि भुटान, युगान्डा लगायतका देशमा गरेका परियोजना सञ्चालन गर्दै आएको थियो । सम्झौता पश्चात तिनै पक्षले विश्वमा बढिरहेको कार्बन उत्पादन र हरित गृह ग्यासको प्रभाव कम गराउन साझेदारी परियोजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।

सम्झौतापछि बोल्दै पोखराका मेयर मानबहादुर जिसीले नेपालमा लगानी मैत्री बातावरण बनिसकेकाले ढुक्कसँग लगानी गर्न आग्रह गर्दै नेपाल हरित गृह ग्यासको उत्पादन कम गर्न कटिबद्ध रहेको बताउनुभयो । पोखरामा यो परियोजना सफल भएमा पोखराको यातायात गुरुयोजना तयार भई कार्यान्वयनमा समेत अगाडि बढ्ने छ ।

**यातायात गुरुयोजना कोरियाले बनाइदिने**

कोरियाको एउटा कम्पनीले पोखराको यातायात गुरुयोजना बनाइदिने भएको छ । कोरियाको ग्रिन टेक्नोलोजी सेन्टर नामक संस्थाले ६ महिनाभित्रै पूर्व सम्भाव्यता अध्ययन गर्ने गरी सम्झौता भएको छ । कोरिया भ्रमणमा रहेका पोखराका मेयर मानबहादुर जिसी र ग्यान्बोन प्रान्तका गभर्नर मुन सुन चोइ तथा हरित टेक्नोलोजी केन्द्रका प्रमुख क्युंङ नाम सिनले हस्ताक्षर गर्नुभयो ।




सम्झौता अनुसार आउँदो फेब्रुअरी भित्रै पूर्व सम्भाव्यता अध्ययन सक्नुपर्ने छ । पूर्व सम्भाव्यता अध्ययनका लागि कम्पनीले ५० हजार डलर खर्च गर्नेछ । गुरुयोजना तयार भएपछि ग्लोबल कार्बन फन्डको सहयोग लिन सहज हुनेछ । त्यसका लागि कोरियाली सरकारलाई प्रस्ताव कम्पनीले नै बुझाउने छ । प्रस्ताव पास भए २०२१ भित्रै गुरुयोजना बनाएर कार्यान्वयनको चरणमा लैजाने सहमति भएको कोरियामा रहेका मेयर जिसी बताउनुभयो । कम्पनीले हाल भियतनाम, युगान्डा र भुटानमा पनि यही नमुनाको काम गरिरहेको छ ।

प्रोजेक्ट सफल भए पोखरामा अहिले भइरहेको ट्राफिक व्यवस्थापनको जटिलता अन्त्य हुने मेयर जिसीको विश्वास छ । पोखरा अन्तर्राष्ट्रिय सहर बनिरहेको छ । विमानस्थल बनेपछि यहाँ गाडीको फ्लो पनि उत्तिकै बढी हुन्छ । तर यसतर्फ न महानगरले सोचेको छ, नत प्रदेश र संघ सरकारले । आगामी १ सय वर्षसम्मलाई हेरेर यातायात गुरुयोजना बनाइने जिसीले बताउनुभयो ।

कार्बन उत्सर्जन कम गर्न संगठित संस्था ग्रिन टेक्नोलोजी सेन्टरले प्रस्ताव तयार गरेपछि नेपाल सरकार हुँदै कोरियामा पुग्छ । प्रस्ताव पास भए ४ अर्ब रुपैंयाँको प्रोजेक्ट पेस गर्न लागिएको हो । 'प्रि फिजिबिलिटी स्टडि गरेर एउटा रिपोर्ट महानगरमा आउँछ ।

यो सँगै पोखरामा ड्रिम ग्रिन ट्रान्सपोर्ट, इको टुरिजम, स्मार्ट सिटी टेक्नोलोजी, वैज्ञानिक खोज तथा अध्ययन अनुसन्धान तथा पोखराको संस्थागत विकासका लागि पनि कोरियाले सघाउने समझदारी भएको छ । सम्झौता पश्चात तीनै पक्षले विश्वमा बढिरहेको कार्बन उत्पादन र हरित गृह ग्याँसको प्रभाव कम गराउन साझेदारी परियोजना अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरेका थिए । मेयर जिसीले नेपाल हरित ग्याँस उत्सर्जन कम गराउन प्रतिबद्ध रहेको बताउनुभयो । यसअघि पनि कोरियाले पोखरालाई प्राविधिक सहयोग गर्दै आएको छ ।

*पोखरा, भदौ २३*

*(डिएनए नेपाल डटकम)*

# पोखरा १६ घोरकुना पुलको शिलान्यास




पोखरा महानगरपालिका वडा नम्बर १६ को तुम्के घोरकुना खोलामा पक्की पुल बन्ने भएको छ । पोखरा महानगरपालिकाले साविक अर्मला गाविसको घोरकना खोलामा पुल निर्माण गर्न लागेको हो । मोटेरेबल पुलको गण्डकी प्रदेशका मुख्य मन्त्री पृथ्वीसुब्बा गुरुङले शिलान्यास गरे ।

कार्यक्रमका बोल्दै मुख्यमन्त्री गुरुङले विकासको चरण सुरु भएको बताउनुभयो । उहाँले  राजनीतिक अधिकार प्राप्त भइसकेकाले अब विकासलाई गति दिन तीन वटै सरकार लागि परेको बताउनुभयो । विकास निर्माणको काम गर्दा सत्ता पक्ष र प्रतिपक्ष नहुने भन्दै सबैलाई समेटेर विकासमा फड्को मार्नु नै अहिलेको आवश्यकता भएको बताउनुभयो ।

कार्यक्रममा प्रदेश सांसद विन्दकुमार थापाले सरकारको रचनात्मक काम र विकासमा सदैव सहयोग गर्ने बताउनुभयो । पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले काममा गुणस्तर कायम गर्न कुनै सम्झौता हुने बताउनुभयो । पुल निर्माणलाई त्यहाँका स्थानीय बासिन्दाको आर्थिक उपार्जनसँग जोडेर हेर्नुपर्ने उहाँको भनाइ छ । जनताले तिरको करबाट नै महानगरले पुल निर्माण गर्न लागेकाले पुल निर्माणमा निगरानी गर्न स्थानीय जनतालाई आग्रह गर्नुभयो ।

पूर्व सांसद सोमनाथ अधिकारी प्यासीले पुल निर्माणले त्यस क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो । पोखरा महानगरपालिकाका इन्जिनियर ध्रुव भट्टराईले २०७७ साल मंसिर ८ गते निर्माण सक्ने गरी महानगरले फेवा पिएलजेभी पोखरासँग सम्झौता गरेको बताउनुभयो । उहाँका अनुसार महानगरले पुल निर्माणको अनुमानित लागत ४ करोड ६५ लाख गरेकोमा निर्माण कम्पनीले उक्त रकममा २१ प्रतिशत घटेर ३ करोड ३० लाखमा काम सम्पन्न गर्ने गरी सम्झौता गरेको छ । पुल २५ मिटर लम्बाइ र ५ मिटर चौडाइको हुनेछ ।

कार्यक्रममा निर्माण कम्पनीका प्रेम पहारीले पुललाई समयमै निर्माण गरी सक्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । पुल निर्माणपछि घोरकुना, अर्मलाकोट लगायतका ठाउँका स्थानीयबासी लाभाम्वित हुनेछन् । पोखरा महानगर वडा नम्बर १६ का अध्यक्ष जीवनप्रसाद आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा पुल निर्माण उपभोक्ता समितिका अध्यक्ष दुर्गाप्रसाद अचार्यले बोल्नुभएको थियो ।

पोखरा, ५ असोज

# स्थानीय तहको सार्वजनिक खरिद प्रक्रिया



भेषराज शर्मा



नवीन गौतम

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीयतहमा हुने सम्पूर्ण खरिद सार्वजनिक खरिद ऐन बमोजिम गर्नुपर्ने गरी तोकेको छ । यही ऐन र नियमावलीलाई आधार मानी प्रत्येक स्थानीयतहले आफ्नो स्थानीय तहमा खरिद प्रक्रियालाई सहज बनाउन खरिद नियमावली बनाउनु पर्दछ । यो काम धेरै जसो नगरपालिका तथा गाँउपालिकामा भइसकेको छैन ।

स्थानीय तहले खरिद गर्ने मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवालाई स्थानीय तहको सार्वजनिक खरिद भनेर बुझिन्छ । सार्वजनिक खर्चको पारदर्शी, मितव्ययी र विवेकशील प्रयोग गर्न र मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवामा प्रतिस्पर्धा बढाई लागत र गुणस्तरको फाइदा लिन पहिलो सर्त खरिद कार्यको प्रभावकारी व्यवस्थापनहो । स्थानीय सरकारले सञ्चितकोष सञ्चालन तथा बजेट निर्माण, लेखापरीक्षण लगायतका आन्तरिक नियन्त्रणलाई बलियो बनाउन कुल बजेटको करिब दुई तिहाइ खर्च सार्वजनिक खरिद अन्र्तगत हुने गर्दछ । यस अर्थमा व्यवस्थित सार्वजनिक खरिदको विषय स्थानीय सरकारलाई सुशासन र विकास प्रति उत्तरदायी र प्रभावकारी बनाउने औजार हो ।

**खरिदका जिम्मेवारी**

स्थानीय तहमा सार्वजनिक खरिदको अन्तिम र मुख्य जिम्मेवारी प्रमुख प्रशासकीय अधिकृतको हो । सार्वजनिक खरिद कार्यलाई प्रभावकारी र व्यवस्थित गराउनको लागि कार्यबोझको आधारमा खरिद इकाइ, शाखा वा महाशाखा गठन गरी खरिद अधिकारी तोक्नु पर्दछ । सार्वजनिक कोष प्रयोग गरी खर्च हुने जुनसुकै खरिद सार्वजनिक खरिद ऐन र नियमावली अनुसारको कार्य विधिप्रयोग गरी खरिद इकाइ/शाखा/महाशाखाबाट नै खरिद गराउनु पर्दछ । यसको प्रतिकुल हुनेगरी गरिएको खरिद बदर र अमान्य हुन्छ र यस प्रकारको खरिद प्रक्रियामा संलग्न सबैलाई नियमानुसार कारबाही हुन्छ ।

**खरिद नियमावली बनाउनु पर्ने**

खरिद सम्बन्धी कामकाज गर्दा स्थानीय तहले सार्वजनिक खरिद ऐनको परिधिमा रहेर आफ्नो स्थानीय तहको सार्वजनिक खरिद नियमावली बनाउने र सो नियमावलीको आधारमा खरिद प्रक्रिया अगाडि बढाउनु पर्छ । यसले स्थानीय तहमा देखिएका कतिपय खरिद सम्बन्धी जटिलतालाई सरलीकरण गर्दछ र सार्वजनिक खरिद थप प्रभावकारी हुन्छ ।

**सार्वजनिक खरिद प्रक्रिया**

सार्वजनिक खरिदको कारबाही आवश्यकताको पहिचानबाट हुन्छ । मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवाहरु कार्यालयको लागि आवश्यकक हो वा होइन स्पस्ट हुनुपर्छ । यसका लागि सम्बन्धित शाखा महाशाखाहरुले आवश्यक छलफल र परामर्श गरी आवश्यकताको टिप्पणी कार्यालय प्रमुखबाट सदर गरी प्रक्रिया थालनीको लागि खरिद शाखामा पठाउनु पर्दछ । यसै क्रममा सो सार्वजनिक खरिदको लागि आवश्यक बजेट स्रोतको सुनिश्चितता पनि गर्न जरुरी छ । यस सँगै सम्बन्धित विज्ञको संलग्नतामा प्राविधिक विवरण ( स्पेसिफिकेसन) वा कार्य विवरण (टिओआर) बनाउने काम हुन्छ । खरिद कार्यको प्रभावकारिता प्राविधिक वा सम्बन्धित विज्ञले बनाउने प्राविधिक विवरण तथा कार्य विवरणमा बढी निर्भर रहन्छ ।

आवश्यक र उपलब्ध विवरण प्रष्ट खुल्ने गरी तयार गरिएको प्राविधिक विवरण र कार्य विवरणले खरिद प्रक्रिया र अनुगमन सरल र प्रभावकारी हुन्छ । जिल्ला सरकारी दर रेट, निजी क्षेत्रको प्रतिनिधि संस्था उद्योग वाणिज्य संघले निर्धारण गरेका दररेट, बजारको अध्ययन र कार्यालयबाट अघिल्लो आर्थिक वर्षमा खरिद गरेको दर रेट तथा आपूर्ति कर्ता तथा सेवा प्रदायक फर्म सँग दर रेट मागेर लागत अनुमान तयार गरिन्छ । खरिद प्रक्रियामा लागत अनुमान निकै महत्वपूर्ण हुन्छ । गहन अध्ययन गरी बनाइएको वास्तविक र तथ्य परक लागत अनुमान खरिदको महत्वपूर्ण पक्ष हो जसले सार्वजनिक खरिदलाई परिणामुखि बनाउँछ । मालसामान, निर्माण कार्य, परामर्श सेवा तथा अन्य सेवा खरिदका आफ्नै विधि र प्रक्रिया छन् जसको पालना आवश्यकता अनुसार सचेत र विवेकपूर्ण रुपमा गर्नुपर्दछ ।

**प्रभावकारी समन्वय**

सार्वजनिक खरिदको प्रक्रियामा खरिद शाखा, प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन महाशाखा तथा भण्डार शाखा बीच उच्च स्तरको समन्वयको आवश्यकता पर्दछ । यसका सार्थ स्थानीयतहमा रहेका अन्य शाखा महाशाखाबीच आवश्यकता अनुसार

समन्वय गर्नुपर्ने हुन्छ । आवश्यकताको पहिचान शाखा महाशाखाबाट हुने र खरिदको काम खरिद शाखाले गर्ने हुदाँ खरिद कार्य स्थानीय तहमा बढी समन्वय आवश्यक पर्ने काम हो ।

**खरिद र गुणस्तर**

खरिद प्रक्रियामा जाँदा न्युनतम लागतमा काम गराउनु पर्ने हुनाले गुणस्तरियता कायम गर्न कठिन हुन्छ भनेको पनि सुनिन्छ । यो खरिद कार्यको एउटा चुनौती हो । खरिद प्रक्रियामा स्पष्ट प्राविधिक विवरण तयार गरी सम्झौता अघि आवश्यक नमुनामाग गरी गुणस्तर परीक्षण गर्ने र स्वीकृत नमुना अनुसारको बस्तु तथा सेवा आपूर्ति र निर्माण कार्य भएन भएको कार्यालयबाट प्रभावकारी अनुगमन गर्न सकेमा प्रतिस्पर्धाबाट पनि कम लागतमा उच्च गुणस्तरीय काम गराउँन सकिन्छ । ऐन तथा नियमावलीको प्रावधानलाई आवश्यकता भन्दा बढी प्रयोग गरी दर रेटबाट पटक पटक खरिद गर्दा प्रतिस्पर्धा संकुचित हुने र कार्यालयको खरिद लागत बढाउँछ । धेरै जसो स्थानीय तहहरुले कानुनले तत्कालको आवश्यकता पूर्ति गर्न दिएको प्रावधानलाई फरक तरिकाले प्रयोग गरिरहेका छन् ।

**भण्डार शाखाको जिम्मेवारी**

विगतमा र अहिले पनि धेरै जसो स्थानीय तहमा खरिद कारबाही भण्डार शाखाबाट हुने गरेको देखिन्छ । तर सार्वजनिक खरिद ऐनको संसोधनले खरिद कार्यको सम्पूर्ण जिम्मेवारी आवश्यकता अनुसार खरिद इकाइ, शाखा वा महाशाखालाई दिएपछि भण्डार शाखाबाट खरिद प्रक्रिया गर्न सकिँदैन । खरिद शाखाले खरिद सम्झौता पश्चात खरिद माग अनुसार खरिद आदेश जारी गरेपछि आपूर्ति भएका सामानहरुको व्यवस्थित भण्डार गर्ने र वितरण (स्टोर सञ्चालन) गर्ने, कार्यालयमा भएका खर्च भएर जाने र नजाने जिन्सी सामानको खाता बनाइ अभिलेख राख्ने र जिन्सी मौज्जादको नियमित अद्यावधिक गर्ने, जिन्सी निरीक्षण गर्ने तथा स्थानीय तहको जग्गा र अन्य अचल सम्पत्तिको अभिलेख राख्ने काम गर्दछ । विद्युतीय उपकरण, गाडीहरु तथा अन्यभौतिक सम्पत्तिको सुरक्षा एवं मर्मत तथा व्यवस्थान गर्ने, आवश्यकता अनुसार मालसामानको लिलाम मिनाहाको काम लगायत सम्पूर्ण आन्तरिक व्यवस्थापनको काम भण्डार शाखाले गर्नुपर्दछ । खरिद शाखा र स्टोर शाखाको समन्वयमा आपूर्ति हुने मालसामानको भौतिक तथा गुणस्तर परीक्षण गर्ने काम निकै महत्वपूर्ण हुन्छ ।

**आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी व्यवस्था**

स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐनले तोके बमोजिम आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) को लागि आर्थिक ऐन बमोजिम हुने गरी आर्थिक प्रशासन नियमावली निर्माण गरी सो बमोजिम आय ठेक्का सम्पन्न गर्नुपर्दछ । आय ठेक्का सम्बन्धमा खरिद ऐन र नियमावली अनुसार नहुने भएता पनि धेरै जसो आय ठेक्काहरु यिनै नियमको आधारमा गर्ने गरिएको पाइन्छ ।

**हाम्रो बारे**

पोखरा महानगरपालिकाको सार्वजनिक खरिद व्यवस्थापनको लागि चालु आर्थिक वर्षमा खरिद शाखाको गठन गरी खरिद सम्बन्धी कार्यहरुलाई खरिद शाखाबाट गर्ने गरी अगाडि बढेको छ । यसलाई थप प्रभावकारी बनाउनको लागि आवश्यक साधन र स्रोतको व्यवस्थापन प्रभावकारी बनाउँदै लैजाने योजना छ । महानगरमा खरिद कार्यलाई सहज बनाउन महानगरको सार्वजनिक खरिद नियमावली र आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) को लागि आर्थिक प्रशासन नियमावली तत्काल आवश्यक छ ।

(शर्मा र गौतम पोखरा महानगपालिकाका अधिकृत हुनुहुन्छ)

# सार्वजनिक हितमा जारी सूचनाहरू

- **पेट्रोल, डिजेल मट्टितेलजस्ता अत्याधिक प्रज्वलनशील पदार्थ घरमा नराखौं।**
- **सुख्खायाममा आगलागीको जोखिम अधिक हुन्छ। बालबच्चाहरुले भेट्ने ठाउँमा सलाइ, लाइटर जस्ता चिजहरु नराखौं। वन जंगल प्रवेशमा सलाइ लाइटरलाई निषेध गरौं।**
- **प्रयोग गरिसकेपछि ग्याँस रेगुलेटर बन्द गरौं। विद्युतीय स्विच अफ गरौं। तपाईहरुको बस्ति, टोल छिमेकमा आगलागीजन्य घटना घटेको अवस्थामा तपाईले १०१ वा ५२०२२२ मा सम्पर्क गरि दमकललाई खबर गर्न सक्नुहुनेछ।**

**पोखरा महानगरपालिका**

# ज्येष्ठ नागरिक सम्मानित

अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा पोखरा महानगरपालिकाले २ ज्येष्ठ नागरिकलाई सम्मान गरेको छ । २९ औं अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसमा १ सय १० वर्षीया गौरी आचार्य र १ सय ७ वर्षीय पदमबहादुर गुरुङलाई सम्मान गरेको हो ।

पोखरा ११ काँहुकी आचार्य र पोखरा ३३ का गुरुङलाई नगद १० हजार १ सय २५, फूलमाला र दोसल्ला ओढाएर महानगरका प्रमुख मानबहादुर जिसी र उपप्रमुख मञ्जुदेवी गुरुङले सम्मान गर्नुभयो । महानगरले प्रत्येक वर्ष ज्येष्ठ नागरिक मध्ये २ जनालाई सम्मान गर्दै आएको छ । महानगरले उनीहरुलाई नगर पिता र नगर आमाको रुपमा सम्मान गरेको हो ।

कार्यक्रममा बोल्दै महानगरका प्रमुख जिसीले सम्मानले सकारात्मक सोचको विकास गराउने बताउनुभयो । उहाँले ज्येष्ठ नागरिकको मनमा चोट पुग्ने काम कसैले पनि गर्न नहुने र उनीहरुलाई सम्मानपूर्वक बाच्ने वातावरण मिलाउनु पर्ने बताउनुभयो । उहाँले जेष्ठ नागरिकको लागि ज्येष्ठ नागरिक क्लब निर्माण गर्ने सोच महानगरपालिकाले बनाएको बताउनुभयो ।



कार्यक्रममा उपप्रमुख गुरुङले ज्येष्ठ नागरिक स्वास्थ्यलाई ध्यानमा राखेर महानगरले घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरेको बताउनुभयो । उहाँले जनप्रतिनिधि आइसकेपछि ज्येष्ठ नागरिकहरुले पाउने भत्तामा १० प्रतिशत थपेर महानगर भित्रका सबै ज्येष्ठ नागरिकलाई भत्ता दिइएको जानकारी दिनुभयो ।

पोखरा महानगरपालिका वडा नम्बर ११ वडाध्यक्ष शंकरप्रसाद बास्तोला, निर्मलपोखरी ज्येष्ठ नागरिक समितिका अध्यक्ष भूपेन्द्र गिरी, सामाजिक विकास महाशाखाका प्रमुख निर्मला शर्मा र महाशाखाका विष्णुमाया पौडेल लगायतले ज्येष्ठ नागरिकको बारेमा बोल्नुभएको थियो ।

*पोखरा, १४ असोज*

## निर्माण सामग्री हटाउन सूचना

**पोखरा महानगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा जथाभावी रुपमा निर्माण सामग्री राख्ने कार्य गरेको देखिएकोले त्यस्ता सामग्रीहरुबाट पैदलयात्री तथा सवारी आवगमनमा समेत वाधा पुग्न गएको, सहरी सौन्दर्यतामा प्रतिकुल असर पर्नुका साथै वातावरण प्रदुर्षण बढ्न गएको र यसले मानव स्वास्थ्यमा प्रतिकुल असर पर्ने भएकोले त्यस्ता प्रकृतिका कुनै पनि निर्माण सामग्रीहरु यथाशीघ्र हटाइ सरसफाइ समेत गर्नुहुन अनुरोध गरिन्छ।**

**यस सूचनाको बर्खिलाप हुने गरी कोही कसैले निर्माण सामग्री राखिएको पाइएमा महानगरबाट खटिइ आएका नगर प्रहरीहरुले त्यस्ता सामग्रीहरु जफत गर्ने र त्यस्ता सामग्रीहरु उठाउँदा र लैजाँदा लाग्ने खर्च समेत सम्बन्धित व्यक्तिबाट नै असुल उपर गरिनेछ। यसरी जफत भएका सामग्रीहरु उपरपछि कोही कसैको दाबी विरोध नलाग्ने व्यहोरा समेत सम्बन्धित सबैमा सूचित गरिन्छ।**

**पोखरा महानगरपालिका**



# लामाचौर र बिरौटामा किसान बजार

पोखरा महानगरपालिकाको सहयोगमा पोखरा १६ लामाचौरस्थित ठूलीपोखरीमा किसान बजार सञ्चालनमा आएको छ । किसानले उत्पादन गरेका बस्तु सिधै उपभोक्ताले खरिद गर्न सक्ने गरी किसान बजार सञ्चालनमा ल्याइएको हो । पोखरा १६ र १९ को सिमानामा पर्ने ठूलीपोखरीस्थित गौरबारीमा स्थापना गरिएको किसान बजारको बुधबार पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभयो ।

प्रमुख जिसीले किसान बजारले किसानलाई हौसला प्रदान गर्दै बिचौलियालाई निरुत्साहित गर्ने बताउनुभयो । उहाँले किसान बजार किसानले उत्पादन गरेका बस्तु संकलन गर्ने र वितरण गर्ने थलो भएको बताउनुभयो । उहाँले किसानले उत्पादन गरेको बस्तुलाई सिधै उपभोक्तामा पुन्याउन किसान बजारले सहयोग गर्ने र बिचौलिया निरुत्साहित हुने बताउनुभयो । बजार स्थापना भएपछि किसानले पनि उचित मूल्य पाउने र उपभोक्ताले पनि किसानबाट सिधै खरिद गर्दा अनेत्र भन्दा सस्तोमा बस्तु पाउने विश्वास छ । यसले विशेष गरी वडा नम्बर १६ र १९ मा व्यावसायिक रुपमा उत्पादित कृषिका बस्तुले सजिलै बजार पाउने बताउनुभयो ।

वडा नम्बर १९ का वडाध्यक्ष शोभामोहन पौडेलले किसार बजार स्थापना भएपछि किसानले सहज रुपमा आफ्नो उत्पादनलाई बिक्री गर्न सक्ने वातावरण बनेको बताउनुभयो । वडा नम्बर १६ का अध्यक्ष जीवनप्रसाद आचार्यले वडा नम्बर १६ र १९ का किसानलाई लक्षित गरी किसान बजार स्थापना गरिएको बताउनुभयो । पोखरा महानगरपालिका कृषि तथा पुश सेवा महाशाखाका प्रमुख मनहर कडरियाले किसान बजार निर्माणको लागि महानगरपालिकाले करिब १० लाख लगानी गरेको बताउनुभयो ।

कार्यक्रममा किसान दुर्गा बस्नेत र जीतबहादुर बस्नेतले किसान बजार स्थापनापछि बस्तु बिक्री गर्न सहज हुने र उचित मूल्य पाउने आशा व्यक्त गर्नुभयो । पोखरा १६ र १९ को कृषि सञ्जाल समितिका अध्यक्ष मेहरमान थापाको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिका सदस्य कृष्ण गौतम र सञ्जालका सचिव सुवास अधिकारीले पनि किसान बजारको बारेमा बोल्नु भएको थियो । कार्यक्रममा कृषि भजन समेत प्रस्तुत गरिएको थियो । महानगरपालिकाको सहयोगमा बिरौटामा कृषि बजार सञ्चालनमा आइसकेको छ भने अन्य पाँच ठाउँमा

पनि कृषि बजार निर्माण गर्ने योजना महानगरपालिकाले बनाएको छ ।

**बिरौटामा पनि बजार**

किसानले उत्पादन गर्ने बस्तु सोझै उपभोक्ताले खरिद गर्न सुविधा हुने गरी पोखराको बिरौंटामा पनि किसान बजार सञ्चालनमा आएको छ । किसानले उत्पादन गर्दा लागेको मेहनत अनुसार उचित मूल्य पाउन र उपभोक्ताले पनि बिचौलियाबाट किन्दा भन्दा किसानबाट सोझै खरिद गर्दा सस्तो मूल्यमा बस्तु पाउने गरी पोखराको बिरौटामा पहिलो पटक किसान बजार सञ्चालनमा आएको हो ।

पोखरा महानगरपालिकाको आर्थिक सहयोगमा बिरौटास्थित कृषि विभाग कार्यालयको स्वामित्वमा रहेको र खाद्य र कृषि सामाग्रीले उपयोग गर्दै आएको जमिनमा स्टल बनाइ बजार सञ्चालनमा आएको छ । दश लाख बजेट मध्येबाट पहिलो चरणमा साँढे ६ लाख रुपौयाँको लगानीमा २५ वटा स्टल बनाएर कृषि बजार सञ्चालनमा आएको पोखरा महानगरपालिकाका कृषि तथा पशुमहाशाखा प्रमुख मनहर कडरियाले जानकारी दिनुभयो ।

किसान बजारमा किसानले आफैले उत्पादन गरेका बस्तु तरकारी, खाद्यन्न, दुग्धजन्य बस्तु, माछा, खसी, बोका, हस्तकलाका सामग्री लगायत बिक्रीका लागि राख्न सक्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । अरु बिचौलिया मात्र होइन किसानबीच नै बिचौलियाको भूमिका हुन नदिन महानगरपालिकाले अरु किसानबाट खरी गरेर ल्याएको बस्तु पनि किसान बजारमा बिक्री गर्न बन्देज लगाइएको उहाँको भनाइ छ ।

किसानले उत्पादन गरेका बस्तु एक दुई दिन राख्नु परेपनि उचित व्यवस्थापनका लागि कोल्डस्टोरको व्यवस्था पनि महानगरपालिकाले गर्ने पोखरा महानगरपालिकाका कृषि तथा पशु महाशाखा प्रमुख कडरियाले जानकारी दिनुभयो । महानगरपालिकाले डिजिटल तराजु लगायत बस्तु बिक्री गर्दा पर्ने आवश्यक सबै सामाग्री महानगरपालिकाले नै व्यवस्था गरेको बताउनुभयो । किसानले आफूले उत्पादन गरेको आर्गानिक तरकारी तथा खाद्यन्न लिएर बिक्रीका लागि आउने र सहज रुपमा उत्पादन उपभोक्तालाई बिक्री गर्ने वातारण किसान बजारमा हुने गरी व्यवस्था



गरिएको उहाँले सुनाउनुभो । किसानलाई थोक बिक्रेतालाई बिक्री गर्दा भन्दा २० देखि ३० प्रतिशत बढी मूल्य पाउने र उपभोक्ताले अरु थोक बिक्रेताबाट किन्ने मूल्य भन्दा केही सस्तो मूल्य निर्धारण गरी किसान बजारमा बजारको मूल्य निर्धारण गरिने उहाँले बताउनुभयो ।

बिरौटामा सञ्चालनमा आएको किसान बजारमा महानगरपालिकाको वडा नम्बर २१, २२, ३३ र १७ का किसानले उत्पादन गरेका बस्तु राख्ने व्यवस्था गरिएको हो । महानगरपालिको महानगरपालिकाका विभिन्न स्थानमा यस्ता किसान बजार सञ्चालनका लागि यस वर्ष १ करोड रुपौयाँ बजेट छुट्टयाएको छ ।

पोखराको काहुँखोला, लेखनाथको तालचोक लगायतका क्षेत्रमा छिट्टै किसान बजार सञ्चालन गरिने पोखरा महानगरपालिकाका प्रमुख मानबहादुर जिसीले बताउनुभयो ।

किसान बजार सञ्चालनले होलसेलर व्यवसायीलाई बिक्री गर्दा भन्दा धेरै राम्रो मूल्य पाइएको पोखरा २२ पुम्दीभूम्दीकी किसान अग्नीमाया बरालले बताउनुभयो । किसान बजारले हामी जस्ता किसानले पनि उत्पादन गरे अनुसार राम्रो मूल्य पाउने र उपभोक्ताले पनि सस्तो मूल्य पाउने भएकोले किसानको हितमा हुने यस्ता किसान बजार अन्यत्र पनि स्थापना गर्नुपर्ने उहाँले बताउनुभयो ।

*- पोखरा, असोज १५*

# वडा नम्बर ९ को पार्श्वचित्र विमोचन




पोखरा महानगरपालिका वडा कार्यालय ९ ले नयाँ भवन उद्घाटन र पार्श्व चित्र अंक ९ विमोचन गरिएको छ । पोखरा महानगरपालिका प्रमुख मानबहादुर जिसीले भवनको उद्घाटन र पुस्तकको विमोचन गर्नुभएको हो ।

कार्यक्रममा बोल्दै पोखरा महानगरपालिकाका मेयर मानबहादुर जिसीले वडाको नयाँ भवनबाट नागरिकले सम्पूर्ण सेवा सहज रुपले पाउने बताउनुभयो । इच्छाशक्ति तथा पारदर्शी ढंगबाट काम गर्ने हो भने थोरै पैसाले पनि धेरै काम गर्न सकिने र विकास छिटो गर्न सकिने उहाँको भनाइ थियो । विकासका नाममा धेरै ठाँउमा हुने चुहावट रोक्ने तथा विकासलाई आत्मसाथ गर्ने हो भने दीर्घकालीन विकास सम्भव रहेकोमा उहाँको जोड थियो ।

जिसीले वडाले प्रत्येक वर्ष आफ्नो क्रियाकलाप तथा गतिविधि साथै पारदर्शिता देखाउने आधारको रुपमा पार्श्वचित्र अंक ९ सम्म ल्याउन सफल भएकोमा शुभकामना तथा प्रशंसा गर्नुभयो । वडा नंम्बर ९ का अध्यक्ष रामराज लामिछानेले वडाले प्रदान गर्ने सम्पूर्ण सेवा छिटो छरिदो प्रदान गर्न र नागरिकले कुनै दुख नपाओस् भन्ने सोचका साथ सबै सेवा एकै ठाँउबाट दिन पहिलेको भवन अपुग भएकाले नयाँ कार्यालय बास्तोलाथरमा सारिएको जानकारी दिनुभयो ।

पुरानो वडा कार्यलयमा सहरी स्वास्थ्य केन्द्र सञ्चालन रहेको समेत उहाँले बताउनुभयो । हरेक सेवा नागरिकलाइ चुस्त दुरुस्त रुपले प्रवाह गर्न जनप्रतिनिधि तथा कर्मचारीको साथ पाएको उहाँले विश्वास व्यक्त गर्नुभयो । वडाले आफूले गरेका सम्पूर्ण कामको विवरण प्रत्येक वर्ष निकालिने पार्श्व चित्रले नै छर्लंग बनाउने हुँदा आगामी दिनमा गर्नुपर्ने कामको लागि वडाबासीलाई अध्ययन गरी सल्लाह सुझाव दिन समेत आग्रह गर्नुभयो ।

वडा सदस्य राममाया मानन्धरले विजया दशमी, शुभदीपावली, नेपाल संवत तथा छठपर्वको शुभकामना व्यक्त गर्नुभएको थियो । ९ का वडा अध्यक्ष रामराज लामिछानेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन वडा सचिव लोकदर्शन कोइरालाले गर्नुभएको थियो । त्यस अवसरमा नेपालीहरुको महान पर्व विजया दशमी, शुभ दिपावली तथा छठ पर्वको शुभकामना आदानप्रदान पनि गरिएको थियो । - *पोखरा, असोज १६*

# वडा २४ को सुविधा सम्पन्न भवन




पोखरा महागनरपालिकाले जनतालाई सर्वसुलभ रुपमा सेवा प्रवाह गर्न आफ्ना मातहतका वडाहरुलाई भौतिक पूर्वाधारमा व्यवस्थित बताउने योजना अगाडि बढाएको छ ।

त्यही योजना अनुसार वडा कार्यालयका भवनहरु निर्माण र व्यवस्थापनमा जुटेको छ । भएका भवनको मर्मत र भवन नभएका वडाहरुलाई जग्गाको व्यवस्था गरी निर्माणमा महानगरको ध्यान केन्द्रित गरेको छ । पोखरा महानगरपालिका वडा नम्बर २४ को कार्यालयलाई व्यवस्थित र सेवाग्राहीलाई सहज सेवा प्रवाह गर्ने योजना अनुसार भवन निर्माण गरेको छ । वडा कार्यालयले ३५ लाखको लागतमा निर्माण गरेको पहिलो तलाको भवन बिहीबार पोखरा महानगरका प्रमुख मानबहादुर जिसीले उद्घाटन गर्नुभयो ।

प्रमुख जिसीले नयाँ संरचनामा जादा कार्यालय व्यवस्थापन प्रमुख भएको बताउनुभउयो । कार्यालय व्यवस्थित भएपछि सेवाग्राहीलाई सहज सेवा प्रवाह गर्नुपर्छ,' उहाँले भन्नुभयो भने, 'घर राम्रो भएर मात्र पनि हुँदैन, सेवाग्राहीले सहज सेवा प्राप्त गर्नुपर्छ ।' उहाँले जनतालाई दुख दिने भन्दा पनि सहज रुपमा सेवा प्रदान गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, 'सेकेन्डमा सुन्नु, मिनेटमा काम सक्नुस र घण्टामा पढाइदिनुस, यो भएन त्यो भएन भनेर दुख दिने काम नगर्नुस ।' प्रमुख जिसीले जनतलाई अलमल्याउने र दुख दिने काम नगर्न आग्रह गर्नुभयो ।

वडा नम्बर २४ का अध्यक्ष ओम सुवेदीले कास्कीकोट ऐतिहासिक स्थल भएको बताउँदै पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने योजनासहित अगाडि बढेको बताउँदै वडा कार्यालय व्यवस्थित गर्न लागेको बताउनुभयो । कार्यक्रममा महानगर वडा नम्बर ७ का अध्यक्ष रामचन्द्र बराल, वडा नम्बर ८ का अध्यक्ष रुद्रनाथ बराल, वडा नम्बर १७ का अध्यक्ष तीर्थराज बराल, कार्यपालिका सदस्यद्वय राधिका शाही योगी, सन्तु सुवेदी, समाजेवी यमनाथ तिमिल्सिना, लगायतले सरल र सहज रुपमा जनतालाई सेवासुविधा उपलब्ध गराउन तत्पर रहेको बताउँदै जनप्रतिनिधि आएपछि धेरै विकास निर्माणका काम भएको बताउनुभयो । वडा नम्बर २४ का अध्यक्ष ओम सुवेदीको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन वडाका कर्मचारी इन्द्र जिसीले गर्नुभएको थियो ।

पोखरा १६ असोज

## सूचना

**घर निर्माण गर्दा नक्सा पास स्वीकृत गरेरमात्र निर्माण गरौं । पेशा, व्यवसाय सुरु गर्दा इजाजत पत्र लिन नबिसौं ।**

**पोखरा महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

# व्यवस्थित यातायात गुरुयोजना बनाउन कोरियाली टोली पोखरामा



हरित सहर र व्यवस्थित यातायात गुरुयोजना तयार गर्न कोरियाली टोली पोखरा आइपुगेको छ । सुविधा सम्पन्न यातायात प्रणाली र फेरिँदो प्रविधिको उपयोग मार्फत पोखराको पर्यटन विकास गर्न गुरुयोजना बनाउन लागिएको हो । गत भदौमा मेयर मानबहादुर जिसीको उपस्थितिमा कोरियाली टोलीले पोखराको हरित यातायात गुरुयोजना बनाउने र त्यसका लागि आवश्यक बजेट व्यवस्था गर्ने सम्झौता भएको थियो ।

कोरियास्थित ग्यान्बोन प्रान्तको सहयोगमा पोखराको यातायात गुरुयोजना बनाउन लागिएको छ । कोरियाली सरकारले सम्भाव्यता अध्ययनका लागि कन्सल्टयाान्ट समेत तोकिदिएको छ । ग्रिन टेक्नोलोजी सेन्टर नामक संस्थाले २०१९ भित्रै सम्भाव्यता अध्ययन गरिसक्ने गरी काम थालेको हो । सम्भाव्यता अध्ययन पूर्वको अवस्था बुझ्न कम्पनीका प्रतिनिधि पोखरा आएका हुन् । टोलीले पोखराको आवश्यक तथ्यांक संकलन गरिसकेको छ भने प्रारम्भिक अवलोकन गरेको छ ।

कोरियाको यातायात प्रणाली भने विश्वमा नै नमुना मानिन्छ । प्रकृतिमैत्री यातायात सञ्चालन गर्दै लामो समय पर्यटकलाई भुलाउन नयाँ अवधारणा अघि सारिएको हो । दुईपक्षबीच भएको छलफलका क्रममा पोखरा महानगरले यहाँको रिङरोड, लेक कोरिडोर र ट्रेकिङ रुट निर्माणलाई प्रस्ताव गरेको छ ।

सार्वजनिक यातायात र ट्राफिक व्यवस्थापनमा पनि सहयोग खोजेको छ । कोरियाली टोलीले पोखराको आवश्यक्ता अनुसार योजना तयार गर्ने प्रतिबद्धता जनाएको छ । 'हामीसँग समय छैन । हाम्रै कार्यकालमा यो परियोजना पूरा गर्नुछ,' कोरियन टोलीसँगको भेटमा मेयर जिसीले भन्नुभयो, 'पोखरा पर्यटनको राजधानी हो । अब कार्बन फ्रि पर्यटकीय राजधानी बनाउन चाहान्छौं । तपाईंहरुको सहयोग भए यो सम्भव पनि छ ।' पोखराको प्राकृतिक सुन्दरतालाई हेरेर पर्यटनसँग जोडिने योजना बनाइदिन उहाँले गर्नुभयो ।

कन्सल्टयान्ट टोलीका सहायक म्यानेजर किम सिउङ सुले तोकिएकै समयमा अध्ययन पूरा गरेर प्रतिवेदन बनाउने प्रतिबद्धता जनाए । 'यही वर्ष प्रारम्भिक काम पूरा गर्छौं । आर्थिक प्रक्रिया पनि करिब टुंगो लागिसकेको छ । अहिले टेक्नोलोजी र फाइनान्सको पाटो महत्वपूर्ण छ,' उहाँले भन्नुभयो, ' दक्ष प्राविधिकले डिजाइन बनाउनुहुन्छ । यसलाई सफल पार्न पोखराले बढी साथ र सहयोग दिनुपर्छ ।' दीगो विकास लक्ष्यसँग जोडेर योजना तयार गर्ने उहाँले सुनाउनु भयो ।

आगामी माघसम्म प्रस्तावना तयार गरेर कोरियाली सरकारलाई बुझाउने र सन् २०२१ सम्म आयोजनाका सबै काम पूरा गर्ने गरी तीव्र गतिमा काम हुने मेयर जिसीले बताउनुभयो । '१५ दिनभित्रै अध्ययन टोली आइपुग्छ । पुस अघि नै अध्ययन प्रतिवेदन तयार हुन्छ । त्यसपछि अर्थ मन्त्रालयको सहमतिले प्रशतावना कोरिया पठाउँछौं,' उहाँले भन्नुभयो, 'यो आयोजना सफल भए ६ अर्ब रुपैयाँसम्म बजेट पोखरा भित्रिन्छ ।'

विशेषगरी इलेक्ट्रिकल भेइकलमा पोखराको जोड छ । सम्भाव्यता अध्ययनका लागि पोखरा महानगरपालिकाले ५० लाख रुपैंयाँ विनियोजन गरिसकेको छ । पोखरामा हालसम्म सन् १९७४ को विकास योजना अनुसार यातायात व्यवस्थापन हुँदै आएको छ । कोरियाली कम्पनीले हाल भियतनाम, युगान्डा र भुटानमा पनि यही अवधारणामा काम गरिरहेको छ ।

कार्बन उत्सर्जन कम गर्न संगठित संस्था ग्रिन टेक्नोलोजी सेन्टरले यो परियोजनाको जिम्मेवारी लिएको छ । योसँगै पोखरामा ड्रिम ग्रिन ट्रान्सपोर्ट, इको टुरिजम, स्मार्ट सिटी टेक्नोलोजी, वैज्ञानिक खोज तथा अध्ययन अनुसन्धान तथा पोखराको संस्थागत विकासका लागि पनि कोरियाले सघाउने समझदारी यसअघि नै भइसकेको छ । सम्झौता अनुसार तीनै पक्षले विश्वमा बढिरहेको कार्बन उत्पादन र हरित गृह ग्यासको प्रभाव कम गराउन साझेदारी परियोजना अगाडि बढाउने प्रतिबद्धता जनाएका छन् ।

जलवायु परिवर्तनको असर कम गराउन यो परियोजना सफल हुने दुबै पक्षको विश्वास छ । पोखरामा रहेको टोलीलाई महानगरका इन्जिनियर दीपक कुवँरले अवधारणा प्रस्तुत गर्नुभएको थियो । पोखरा महानगरपालिकाले कुवँरको संयोजकत्वमा सहजीकरण टोली गठन गरेको छ । टोलीमा विज्ञ गेहेन्द्रेश्वर कोइराला, श्रीराम ढकाल, किसानसिं गुरुङ सदस्य हुनुहुन्छ । विज्ञहरुले कम्तिमा ५० वर्षसम्म पूरानो नहुने गरी योजना बनाउन सुझाउनुभएको छ ।

पोखरा, असोज २९

# पोखरा महानगरपालिका
## सामाजिक विकास महाशाखा
## सहरी गरिबी न्यूनीकरण तथा सामाजिक परिचालन शाखा

# संक्षिप्त प्रगति प्रतिवेदन, २०७६ आसार :

मिति २०७५/४/१ देखि २०७६/३/३१ सम्म

**१. गरिबी न्यूनीकरण तथा आय आर्जन तर्फको ऋण लगानीको प्रगति विवरण :**

| कार्यक्रम | उद्देश्य | लगानीको लक्ष्य बार्षिक रु | ऋण लगानीको प्रगति | २०७६ आसार सम्म फिल्डमा लगानीमा रहेको ऋण रकम रु | कैफियत |
|---|---|---|---|---|---|
| गरिबी न्यूनिकरण | आय आर्जन | वार्षिक रु १ करोड ४० लाख | १ करोड ४० लाख | २ करोड ४९ लाख १० हजार | |
| प्रगति | | | १००% | | |

**२. गरीबी न्यूनीकरण तथा आय आर्जन तर्फको ऋण असुलीको प्रगति विवरण :**

| कार्यक्रम | उद्देश्य | ऋण असुलिको लक्ष्य बार्षिक रु | साँवा असुलीको प्रगति रु | व्याज असुलीको प्रगति रु | जम्मा असुली आ.ब. २०७५/०७६ को |
|---|---|---|---|---|---|
| गरिबी न्यूनीकरण | आय आर्जन | ६०,००,०००।- | ४८,५७,७७९/- | १४,३२१९७/- | ६२,८९,९७६/- |
| प्रगति | | | | | १०५ % |

**३.आवास निर्माण कार्यक्रम तर्फको ऋण लगानीको प्रगति विवरण :**

| कार्यक्रम | उद्देश्य | लगानीको लक्ष्य वार्षिक २०७५ पौष सम्मको | ऋण लगानीको प्रगति वार्षिक २०७५ पौष सम्मको रु | २०७५ पुस सम्मको लाभान्वित संख्या | २०७५ माघ देखि २०७६ असार सम्मको लगानी लक्ष्य रु | २०७५ माघ देखि २०७६ असार महिनामा भएको लगानी रु | २०७५ माघ देखि २०७६ आसार सम्मको लाभान्वित संख्या | फिल्डमा लगानीमा रहेको जम्मा रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| आवास निर्माण | आवास/घर निर्माण तथा मर्मत | ४ करोड | ४ करोड | १०० घर परिवार | १ करोड ६६ लाख ६६ हजार | १ करोड ६५ लाख | ४२ घर परिवार | ८ करोड ८५ लाख ८२ हजार | |
| प्रगति | | | १००% | | | ९९% | | | |

**४.आवास निर्माण कार्यक्रम तर्फको ऋण असुलिको प्रगति विवरण :**

| कार्यक्रम | उद्देश्य | साँवा असुलीको प्रगति आ.ब. २०७५/०७६ को | व्याज असुलीको प्रगति आ.ब. २०७५/०७६ को | जम्मा असुली आ.ब २०७५/०७६ को |
|---|---|---|---|---|
| आवास निर्माण | आवास/घर निर्माण तथा मर्मत | २,८२,७०,६५४।- | ७३,६३,७४७।- | ३,५६,३५,४०१।- |
| प्रगति | | | | ९९.६०% |

५. विगत ५ वर्ष देखि बैंकको चल्ती खातामा निस्क्रिय रहेर बसेको साविक पोखरा उपमहानगरपालिका तर्फको साझेदारी विकास कोषको रकम रु १ करोड चालु आ.व.मा १००% लगानी गरी परिचालन गर्न सफल भएको ।

६. २०७४ पुस देखि २०७५ पुस सम्म रु. ४ करोड लगानी गरी १०० वटा घर निर्माण तथा मर्मतको लक्ष्य १००% पूरा भई रु. ४ करोड लगानी भएको

७. २०७५ माघ १८ गते थप १०० वटा घर निर्माण तथा मर्मतका लागि पोखरा महानगरपालिका, लुमन्ति र कामना सेवा विकास बैंकसँग रु ४ करोडको आवास निर्माण कार्यक्रमको सम्झौता गर्ने कार्य सम्पन्न भएको ।
८. उद्यमी/सेवाग्राहीहरु बाट दैनिक ऋण असुली गर्ने कार्य भइरहेको ।
९. आय आर्जन तर्फका उद्यमी लाई ऋण लगानी गर्ने कार्य भइरहेको । जसमा वार्षिक व्याज दर सयकडा १०% रहेको ।
१०. घर निर्माण तथा मर्मत गर्ने सेवाग्राही लाई ऋण लगानी गर्ने कार्य भइरहेको । जसमा वार्षिक व्याज दर सयकडा ८% रहेको ।
११. ८५९ वटा टोल विकास संस्थाहरुको वचत रु २४ करोड माथि पुगेको ।
१२. टोल विकास संस्थाकालाई लेखा तथा बचत व्यवस्थापनका सामग्रीहरु उपलब्ध गराउने कार्य भइरहेको । (वचत खाता, ऋण खाता, आयको डे बुक, खर्चको डे बुक, पासबुक, लेटरप्याड) ।
१३. टोल विकास संस्थाहरुलाई नियमन गर्ने कार्य भइरहेको ।
१४. टोल विकास संस्थाको संस्थागत विकासका लागि प्राविधिक सहयोग गर्ने कार्य भइरहेको ।
१५. टोल विकास संस्था तथा उद्यमी एंव घर निर्माण गर्ने सेवाग्राहीहरुको फिल्ड अनुगमन, निरीक्षण तथा ताकेता गर्ने कार्य भइरहेको ।
१६. आय आर्जन तथा आवास निर्माण लागि लक्षित वर्ग तथा लाभग्राहीको छनोट गर्ने कार्य भइरहेको ।
१७. नमुना बस्ती निर्माणको लागि पोखरा महानगरपालिका र लुमन्तिको संयुक्त आयोजनामा सेवाग्राहीहरुलाई २ चरणमा न्युन लागतमा नमुना आवास निर्माण सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको ।
१८. न्युन आय भएका सेवाग्राहीहरुलाई नमुना बस्ती निर्माणको लागि जग्गाको फिल्ड निरीक्षण गराइएको ।
१९. नमुना बस्ती निर्माणको लागि पोखरा महानगरपालिका र लुमन्तिको संयुक्त टिमबाट जग्गाको फिल्ड निरीक्षण गर्ने कार्य भइरहेको ।

प्रतिवेदक
रवीन्द्र अधिकारी
शाखा प्रमुख

# महानगरको अनुरोध

- प्लास्टिक झोला प्रयोगको कारण जतातत‍ै फोहोर देखिएको र ढल नाला जामहुने गरेकोले प्लास्टिकका झोलाको वैकल्पिक प्रयोग गरौं ।
- कुनै पनि किसिमका प्रचार प्रसार गर्ने उद्देश्यले भित्ते लेखन, पोस्टर, ब्यानर नराखौं ।
- नदी सफा राख्न कुनै पनि किसिमका केमिकल युक्त तरल पदार्थ नदीमा नमिसाऔं ।
- जथाभावी फोहोर नगरी सहर सफा राखौं । अटेर गरी कानुनको पालना नगरी जथाभावी फोहोर फालेको देखिएमा फोहोर मैला व्यवस्थापन ऐन २०६८ नियमावली २०७० अनुसार रु १ (एक)लाख सम्म जरिवानावा ३ महिना सम्म कैद वा दुबै सजाय तथा विभिन्न सञ्चार माध्यमबाट सार्वजनिक गरिनेछ ।
- पोखरा महानगरवासीहरुले घर निर्माण गर्ने क्रममा भवन निर्माण सम्पन्न लिन आउँदा आफ्नो घर कम्पाउन्डमा कम्तिमा दुई रुख रोपौं ।
- सार्वजनिक यातायातका साधनबाट सडकमा कुनै प्रकारका फोहोरमैला नफालौं ।
- पोखरामा चल्ने सबै यातायातका साधनहरुमा फोहोरमैला राख्ने भाँडो राख्ने गरौं ।

**पोखरा महानगरपालिका**
**नगर कार्यपालिकाको कर्यालय**
न्युरोड, पोखरा

# पोखरा महानगरले गरेका महत्वपूर्ण कार्यहरु

## स्थानीय तह निर्वाचनपछि २०७६ असारसम्म

**(१) सहरी पूर्वाधार महाशाखा :**

- हरेक वडाहरुमा इन्जिनियर एवं जुनियर इन्जिनियरहरु व्यवस्थापन गरी वडास्तरीय योजनाहरुको लागत स्टिमेट गर्ने, संभौता एवं कार्य सम्पन्न प्रतिवेदन तयार पार्ने काम भएको छ ।
- आगामी आर्थिक वर्षमा योजना तर्जुमा गर्दा बजेटले कार्यक्रम माग्ने भन्दा कार्यक्रमले बजेटको माग गर्ने परिपाटी बसाउन आगामी आर्थिक वर्षको लागि प्रस्तावित योजनाको लागत स्टिमेट गरी सो आधारमा योजना तथा बजेट प्रस्ताव गर्ने पद्धतिको थालनी भएको छ ।
- वडाबाट माग भए अनुरुप चालु आर्थिक वर्षमा ७ वटा वडा कार्यालय भवन निर्माण, ३ विद्यालय भवन, पुम्दीकोट महादेव मन्दिर, सराङकोट शिव मन्दिर भवन निर्माण लगायत २४ वटा भवन बोलपत्र आह्वान गरी काम सुरु गरिएको छ । आगामी आर्थिक वर्षमा जग्गाको व्यवस्थापन गरी करिब ८ वटा वडा कार्यालय भवन निर्माणको कार्य थालनी गर्ने योजना रहेको छ ।
- पोखराका पृथ्वीचोक, अमरसिंहचोक, जिरोकिमी, बिरौटाचोक, हरिचोक र मुस्ताङचोकका आइल्यान्डलाई घटाई ट्राफिक व्यवस्थापनमा सहज बनाउने र सौन्दर्यीकरण गरिएको छ ।
- सराङकोटमा जग्गा व्यवस्थापन गरी राष्ट्रिय विभूति तथा सहिद पार्क निर्माणको काम अघि बढाइएको छ । साथै १० स्थानमा खुल्ला क्षेत्र संरक्षण तथा पार्क निर्माणको लागि बोलपत्र आह्वान गरिएको छ ।
- सर्वोच्च अदातलको फैसला अनुसार महानगरको जिम्मेवारीमा परेको फेवाताल जलाधार क्षेत्रको संरक्षणको काम सुरु गरिएको छ । गाइघाट र बंगालामुखी र खपौंदीमा खहरे खोलाले बगाएर ल्याएको माटोजन्य पदार्थ निकालेर तालको आकार बढाइएको छ । फेवातालमा मिसिने हर्पनखोलासहित पाँच वटा खोलामा सिल्ट्रेसन ड्याम निर्माण गर्न गण्डकी प्रदेश सरकारसँग मिलेर ३४ करोडको योजना अगाडि बढाइएको छ ।
- सडकको बीचमा रहेका ८७ स्थानका बिजुलीका पोल स्थानन्तरण गर्ने कार्य अगाडि बढेको छ ।
- विगत लामो समयदेखि सडक समस्या बनेको पालिखेचोक सडकलाई फराकिलो पारी त्यसलाई सौन्र्दयकरण गर्ने काम भइरहेको छ ।
- विगत २ वर्षमा उपभोक्ता समिति मार्फत् ४६ किमी कच्ची सडक निर्माण, पक्की सडक २ सय ४६ किमी निर्माण तथा रिसिलिङ समेत, ८० किमी ढलान र २० किमी नयाँ सडकको ट्र्याक निर्माण, ६५ किमी नाली निर्माण गरिएको छ ।
- यस वर्ष बोलपत्र आह्वान गरी काम सुरु गरिएका सडकहरु १ सय ३ किमी चौडा पार्ने काम, ७८.४९ किमी पक्की नाला निर्माण, ३ सय ४७ वटा कल्भर्ट निर्माण, ३१ वटा कजवे निर्माण, ३६ स्थानमा सिँचाइ पाइप क्रसिङ गर्ने कार्य, ३.६९ किमी रिटेनिङवाल, ४.८३ किमी ग्याबियन वाल, ७४.३६ किमी सडक ग्राबेलिङ, २२.७५ किमी सडक कालोपत्र, ३ किमी सडक ढलान गर्ने कार्य बहु वर्षीय योजना तथा लक्ष्य अनुरुप अगाडि बढेका छन् ।
- पूर्वाधार निर्माण कार्यक्रममा चालु आर्थिक वर्षमा करिब २ अर्ब ४३ करोड लागतका १ सय ४७ वटा योजनाहरुको टेन्डर गरी काम अगाडि बढाइएको छ । मेयर नमुना पूर्वाधार योजना अन्तर्गत मुख्य सहरी सडक अस्फ्लान्ट कंक्रिट गने प्रक्रिया सुरु गरिएको छ ।
- भौतिक पूर्वाधारमा थप गुणस्तरीयता कायम गर्न सडक विज्ञको रुपमा छुट्टै इन्जिनियर व्यवस्था गर्नुका साथै निर्माण सामग्रीको गुणस्तर कायम गर्नका लागि गुणस्तर मापन प्रयोगशाला सञ्चालनको लागि पूर्वाधार तयार गरिएको छ ।
- एक वडा एक खेल मैदान अन्तर्गत २१ स्थानमा पहिलो चरणमा खेल मैदान निर्माणको काम सुरु गरिएको छ ।
- १५ स्थानमा सार्वजनिक शौचालय निर्माण सुरु गरिएको छ ।
- खुल्ला व्यायामशाला निर्माण कार्यलाई अगाडि बढाइएको छ ।
- हामी बनाउँछौं हाम्रो महानगर कार्यक्रम सञ्चालन गरी भित्री तथा साना सडक निर्माण तथा खानेपानी आयोजना निर्माणको काम अगाडि बढाइएको छ । सहरी सडक सञ्जालमा धुले सडक लगभग २५ प्रतिशतमा सीमित गरिएको छ । खानेपानी लाइन विस्तार १ सय ६५ किमी गरिएको छ ।

- महानगरपालिकाको कार्यालयबाट सबै वडाहरुको केन्द्रसम्म जोड्ने २७ वटा पहुँच मार्ग अर्थात कनेक्टिङ सडक आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी रु. १ अर्ब १६ करोड बराबरको टेन्डर भई कार्य अगाडि बढेको छ ।

| क्र.सं. | सडकको नाम | क्र.सं. | सडकको नाम |
|---|---|---|---|
| १ | शिवालय बतासे मनिपाल सडक | १५ | विजयपुर सुर्केमैदान सडक २८ |
| २ | पामेदेखि २४ नं. वडा कार्यालय जोड्ने सडक | १६ | देउराली कमेरेगुण्डा, १८ वडा मार्ग |
| ३ | छोरेपाटनदेखि वडा नं. २१ जोड्ने सडक | १७ | मनिपाल मौजा बिसौना सडक २० |
| ४ | खराने राखीडाँडा सडक वडा २६ | १८ | ३३ नं. वडादेखि ठूल्ढुंगा सडक |
| ५ | भ्फाभ्फरमारे देउमाणी ओख्ले सडक २८ | १९ | कात्रे बाम्दी घाटछिना सडक |
| ६ | स्यांङखुदी कँडेल गाउँसडक २८ | २० | चितेपानी रैकर माछापुच्छ्रे सडक |
| ७ | लेखनाथ शिरोमणि मार्ग | २१ | खत्री पहिरो खोलाबेसी बेत्यानी सौर्य सडक |
| ८ | रतिखहरेघाट निर्मलपोखरी मार्ग | २२ | महेन्द्रगुफा अर्मलाकोट मौजा सडक |
| ९ | घार्मीखोला जुम्लेटी ढिकीडाँडा तितेपानी मार्ग वडा १९ | २३ | तिलाहार काउलेपानी तारेभिर सडक |
| १० | आपकुना चिलिमेडाँडा गुन्टेचौर सेरा मार्ग वडा २४ | २४ | शिवालय थाप्ले तिलाहार बासपानी चिलाउनेखर्क सडक |
| ११ | कुलायन मौजा सडक वडा २० | २५ | आरुपाटा कालिका सडक २८ |
| १२ | खपौदी देखि १८ नं. वडा सम्मको मार्ग | २६ | काहुँखोला पहिरोपानी चिसापानी मौजा डाँडागाउँ सडक १३ |
| १३ | अमलाबेसी तल्लाथर घार्मी सडक वडा १९ | २७ | बागलुङ बसपार्क कास्कीकोट सडक |
| १४ | ठूलाखेत चैनपुर हर्पन पञ्चासे सडक २३ | | |

गण्डकी प्रदेश सरकारसँग मिलेर महानगरले ९ वटा योजना अगाडि बढाएका छ । ती योजनाको सम्झौता भई काम समेत सुरु भएको छ । ड्यामसाइडमा छापुच्छ्रे प्रतिविम्ब पार्क निर्माणको काम सुरु भएको छ । यी योजनाका लागि महानगरले १२ करोड ५६ लाख र प्रदेश सरकारले ४ करोड ६० लाखको लागत साझेदारी भएको छ ।

| | |
|---|---|
| १. | सुइखेत खोला नियन्त्रण |
| २. | स्मार्ट शौचालय निमार्ण |
| ३. | लेखनाथ साना सहरी खानेपानी आयोजना |
| ४. | आर्बा मौजा कुलायन मार्ग |
| ५. | काहुँखोलादेखि न्यालेचौरअतिघर सडक |
| ६. | जनचेतना चिलाउने खर्क बस्पनी तिलाहर शिवालय सडक |
| ७. | भलाम न्यालेचौर बिसौना मौजा सिक्लेस सडक |
| ८. | संगम नगर दुम्रीखेत सोती सडक |
| ९. | माछापुच्छ्रे प्रतिविम्ब पार्क |

पोखरा महानगरले केन्द्रीय सरकारसँगको साझेदारीमा ४ वटा योजना अगाडि बढाएको छ । ती योजनामा महानगरले १५ करोड ६८ लाख र केन्द्रीय सरकारले ११ करोड ४५ लाख विनियोजन गरेका छन् ।

| | |
|---|---|
| १. | विजयपुर कालिकाहुँदै बेगनास सडक |
| २. | बैदाम पामे घाँटछिना सडक |
| ३. | घाँटछिना दमदमे सिदाने सडक |
| ४. | मोहरिया लामस्वारा स्याङखुदी आनन्दज्योति लप्सीडाँड सडक |

- सिर्जनाचोकमा अत्याधुनिक आकाशेपुल निर्माणको लागि काम अगाडि बढाइएको छ । साथै ७ स्थानमा पक्की मोटरेबल पुल निर्माणको लागि बोलपत्र आह्वान गरी निर्माण कम्पनी छनोट प्रक्रिया समेत सम्पन्न गरिएको छ ।

**(२) प्रशासन महाशाखा**

- स्थानीय तहका कर्मचारीहरुको एवं संघबाट आउने कर्मचारीहरुको समायोजन प्रक्रिया सम्पन्न भएको छ ।
- महानगरपालिकाको कार्यालयसहित ३३ वटै वडाहरुमा विद्युतीय हाजिरी लागू गरिएको छ ।
- महानगर र वडा कार्यालयहरुको आन्तरिक व्यवस्थापनमा सुधार गरी वडा कार्यालयबाट नै छिटो छरितो सेवा प्रवाहको लागि वडा कार्यालयको संगठन संरचना र भौतिक पूर्वाधारमा सुधार गरिएको छ ।

- कर्मचारीको आचरण, व्यवहारमा अपेक्षित रुपमा सुधारल्याई नागरिकलाई सुशासनको प्रत्याभूति दिलाउन र भ्रष्टाचार विरुद्ध शून्य सहनशिलताको नीति लिई गैरकानुनी काम गर्ने जो कोहीलाई कारबाहीको दायरमा ल्याउने गरिएको छ ।
- महानगरको नयाँ लोगो बनाई कार्यान्वयनमा ल्याइएको छ ।
- जनप्रतिनिधिलाई तोकिएको पोसाकको व्यवस्था गरी एक रुपता ल्याइएको छ ।

**(३) न्यायिक समिति/कानुन महाशाखा**

- नेपालको संविधान २०७२ एवं स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्देश गरे बमोजिम ६ वटा नीति, ८ वटा ऐन, १२ वटा नियमावली, १५ वटा निर्देशिका, १७ वटा कार्यविधि गरी ५८ वटा कानुन निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशित गरिएको छ ।
- स्थानीय तहका लागि न्यायिक समितिको अवधारण नयाँ अभ्यास समेत भएकाले सो बारे जानकारी दिन प्रचार सामग्री प्रकाशित गरी नागरिकलाई वितरण गरिएको छ
- विभिन्न तहका अदालतहरुमा विचाराधीन २६ वटा मुद्दाहरु मध्ये १० वटा मुद्दाहरु महानगरको पक्षमा फैसला भई १६ वटा मुद्दाहरु अझै विचाराधीन अवस्थामा रहेको र तिनको प्रभावकारी रुपमा प्रतिरक्षा गरिएको छ ।
- न्यायिक समितिमा परेका २५ वटा उजुरी मध्ये ३ वटाको फैसला भइसकेको छ भने बाँकी २२ वटा उजुरीहरुको निरुपण गर्ने कार्य भईरहेको छ ।
- हालसम्म नागरिकहरुबाट २ सय ५७ वटा ठाडो उजुरी परेकोमा २ सय २ वटा उजुरीको फछ्र्यौट भई ५५ वटा उजुरीको सुनुवाइको क्रममा कारबाही प्रक्रिया अगाडि बढाइएको छ ।
- महानगरपालिकामा एउटा संस्था र ८७ जना मेलमिलाप कर्ताहरु सूचिकृत भएका छन् ।
- महानगरपालिकाको १० वटा वडाहरु ७, १३, ३०, २१, २५, २६, २९, ३२, ३१ र ३३ ) मा मेलमिलाप केन्द्र स्थापना भएको छ ।
- बाँकी २३ वटा वडाहरुबाट ५।५ जना मेलमिलाप कर्ताको तालिम लिन योग्य भएका व्यक्तिहरुलाई आगामी जेठ २६ गते बाट मेलमिलापकर्ताको आधारभूत तालिमको व्यवस्था गरिएको छ ।
- पद वहाली गर्दा महिलाहरुको लागि निशुल्क कानुनी परामर्श तथा सहायता कक्षको स्थापना गर्ने निर्णय अनुसार सो कक्षस्थापना गरेर महिलाहरुलाई आवश्यक परामर्श र सहायोग भइरहेको छ ।

**उपप्रमुखसँग महिला कार्यक्रम**

- सहाकारीसँग सहकार्य अन्तर्गत ९ वटा सहकारी, महिला समूह र १४ वटा संस्थालाई ऋण उपलब्ध गराइएको छ ।
- ५० महिला उद्यमी, ५ सय महिला रोजगार अन्तर्गत ७ वटा उद्योग सञ्चालन गरी ४४ जनालाई रोजगारी प्रदान गरिएको छ ।
- वडा वडामा शैक्षिक सहजता ल्याउनका लागि पहिलो चरणमा ३ वडामा शैक्षिक सहजता कार्यक्रम, ४ स्थानमा कानुनी सचेतना कायक्रम सञ्चालन गरिएको छ ।

**(४) अनुगमन तथा मूल्यांकन शाखा**

- उपप्रमुखज्यूको संयोजकत्वमा अनुगमन, मूल्यांकन तथा सुपरीवेक्षण समिति गठन भई समितिको कार्यविधि व्यवस्थित गर्ने एवं फारामहरुको विकास गरी संस्थागत रुपमा अनुगमन तथा मूख्यांकन कार्य सुरु भएको छ ।
- वडाहरुमा सञ्चालित वडास्तरीय एवं महानगरस्तरीय योजनाहरुको अनुगमन गरी सो को प्रतिवेदन पद्धति बसेको छ ।
- मासिक रुपमा वडा सचिव तथा महाशाखा/शाखाको बैठक बसी प्रगतिबारे जानकारी लिने र भावी योजना बनाउने गरिएको छ ।

**(५) सूचना तथा प्रविधि शाखा**

- स्मार्टसिटी पूर्वाधार अन्तर्गत सबै वडा कार्यालयमा केन्द्रिकृत इन्टरनेट इन्ट्रानेट प्रणाली जडान गरी महानगर र वडाका सेवा प्रवाहलाई प्रविधि मैत्री बनाउँदै लगिएको र महाशाखा/ शाखाहरुमा नेटवर्किङ गरी इन्टरनेट सेवा व्यवस्थित गरिएको छ ।
- मुख्य चोक पृथ्वीचोक, हल्लनचोकदेखि राष्ट्रबैंक चोक, जिरोकिमी, सिर्जनाचोक, सभागृहचोक, बिरौंटाचोक, महेन्द्रपुल, चिप्लेढुंगा, सिद्धार्थचोक लगायतमा सिसिटिभी क्यामरा जडान गरिएको छ ।
- व्यक्तिगत घटना दर्ता, घरनक्सा पेश एवं कर प्रणालीलाई सूचना प्रविधिको उपयोग गरी विद्युतीय पद्धतिमा लगिएको छ ।
- बाराहीघाट, पोखरा विमानस्थल, गण्डकी अस्पताल, बेगनासताल, सराङकोट, डेभिजफल, विन्ध्यवासिनी मन्दिर, मालेपाटन बगैंचा, लेखनाथ सामुदायिक अस्पताल, बाटुलेचौर, शान्ति स्तूप लगायत महानगरका १५ स्थानमा फ्रि वाइफाईको व्यवस्था गरिएको छ ।
- वार्षिक योजना पुस्तिका प्रकाशन, राजपत्रहरुको प्रकासन, वडा नागरिकपत्रहरुको प्रकाशन, नागरिकहरुका सूचनाको हक

प्रवर्द्धन हुने गरी सूचना प्रवाह समेतका कार्य गरिएको छ ।

- पुराना कागजात एवं अभिलेखहरुको Dizitized गर्ने कार्य गरिएको छ ।
- पोखराको विभिन्न विषय समेटिएको म्याप बुक तयार गरी प्रकाशन गरिएको छ ।
- महानगरको मुखपत्र पोखरा दर्पणलाई २०७५ माघदेखि त्रैमासिक रुपमा प्रकाशन सुरु गरिएको छ ।
- पोखरा महानगरपालिकाको बृतचित्र निर्माणको काम सुरु भएको छ ।
- आरएफआइडी मा आधारित पुस्तकालय स्थापनाको काम भण्डारढिमा सुरु गरिसकिएको छ ।

**(६) घरनक्सा महाशाखा**

- १० हजार पुराना घरनक्सा, घर सम्पन्नको कागजात समेतलाई Dizitized गरिएको छ ।
- घरनक्सा पेश गर्ने र स्वीकृति दिने कार्यलाई Online पद्धतिमा लगिएको छ ।
- १ हजार स्क्वायर फिट प्लिन्थ एरिया र कुल ३ हजार स्क्वायर फिट सम्मको घरनक्साको सबै कार्य सम्बन्धित वडाहरु बाटै हुने गरेको छ । पोखराको मापदण्डले गर्दा जनताले भोगेका समस्यालाई मध्यनजर गर्दै मापदण्ड सम्बन्धी नियम तयारपारी जारी गरिएको छ ।
- घर नक्सा ड्रोइङ/डिजाइन कार्यविधि अनुसार २९ वटा व्यक्ति वा फर्मसँग सम्झौता गरी कार्य अगाडि बढाइएको छ ।

**(७) नापी शाखा**

- हरेक वडाहरुमा छरिएर रहेका सार्वजनिक जग्गाहरुको नापजाँच, खोजी गरी संरक्षणको कार्य गरिएको छ ।
- विवादित बाटाघाटा, नदीखोला, साँधसिमाना, तालतलैयाहरुको नाम नक्सा गरी विवादहरुको शीघ्र व्यवस्थापन गरिएको छ ।
- सार्वजनिक जग्गाको अभिलेख तयार पारिएको र वडा नम्बर १५,१८ र १९ का महत्वपूर्ण सार्वजनिक जग्गालाई संरक्षण एवं ताबार गरिएको छ ।

**(८) जिन्सी शाखा :**

- जिन्सी सम्पत्तिको व्यवस्थापन गर्न सफ्टवेयरको विकास गरिएको एवं वडा वडामा सहज सेवा प्रवाहका लागि आवश्यक Logistics हरु चौमासिक रुपमा एवं निर्वाद आपूर्तिको व्यवस्थापन गरिएको छ ।
- महानगरमा गाभिँएका विषयगत कार्यालय, वडाहरुको जिन्सी सम्पत्तिको अभिलेखीकरण र व्यवस्थापन गरिएको छ ।

**(९) विपद् व्यवस्थापन एवं निरीक्षण महाशाखा**

- विपद् उत्थानशील नगरको रुपमा विकास गर्न विपद् उत्थानशील क्षमताको विकास सम्बन्धी कार्यहरु समन्यात्मक रुपमा अगाडि बढाइएको छ ।
- फुटपाथमा जथाभावी व्यापार गर्ने कार्यमा नियन्त्रण गरिएको छ ।
- सार्वजनिक जग्गाहरुको संरक्षण गर्ने कार्य भएको छ ।
- बिना नक्सा बनेका घर टहरा हटाउने कार्य गरिएको छ ।
- महानगरस्तरीय विपद् व्यवस्थापन समिति, विपद् व्यवस्थापन कोष सञ्चालन समिति गठन गरिएको छ ।

**(१०) सामाजिक सुरक्षा एवं सामाजिक विकास महाशाखा**

- जनप्रतिनिधिले जिम्मेवारी सम्हालेपछिको पहिलो निर्णय अनुसार पोखरा महानगरपालिका भित्रका ज्येष्ठ नागरिकालाई नेपाल सरकारले दिएको सामाजिक सुरक्षा भत्तामा १० प्रतिशत थपेर वितरण गरिएको छ ।
- उपप्रमुखको संयोजकत्वमा बनेको अपांगता परिचयपत्र वितरण समितिबाट अहिले सम्म १ सय ३५ जनालाई परिचयपत्र वितरण गरिएको छ । ज्येष्ठ नागरिक, एकल महिला, ज्येष्ठ दलित नागरिकहरुलाई परिचयपत्र वितरण एवं सामाजिक सुरक्षाको व्यवस्थालाई थप सुदृढ गरिएको छ ।
- महिलाहरुको क्षमता विकासको लागि महिलासँग उपमेयर कार्यक्रम, बालमैत्री कार्यक्रम, आय आर्जनका कार्यक्रमसहित लक्षित वर्गको सशक्तीकरण एवं क्षमता विकासका कार्यक्रमहरु सञ्चालित गरिएको छ । यस वर्ष तालिम, गोष्ठी भन्दा पनि जिविकोपार्जनमा सहयोगी बन्ने आयमूलक तथा सीममूलक कार्यक्रम वडा वडामा सञ्चालन गरिएको छ ।
- साना सहरी, बेगनास, भरतपोखरी, माफ्ठाना, लगायतका आयोजनामा साझेदारी तथा अन्य साना खानेपानी आयोजनामा १२ करोड लगानी गरी कार्य अगाडि बढाइएको छ ।
- प्रदेश सरकारसँगको समन्वयमा महानगरपालिकाले महिला सुरक्षित आवासगृह सञ्चालनको लागि निर्माण कार्य सुरु गरेको छ ।
- महानगरपालिकाभित्र ८९ जना सडक बालबालिकाको पहिचान गरी उनीहरुको पुनर्स्थापनाको लागि पुनर्स्थापना केन्द्र सञ्चालनका लागि प्रक्रिया अगाडि बढाइएको छ ।

**(११) सहकारी शाखा**

- सहकारी ऐन, २०७५ निर्माण गरी सहकारी क्षेत्रको विकासको लागि सहकारी समिति गठन गरिएको एवं विभिन्न १७ वटा सहकारी संस्थाहरुलाई यस महानगरपालिकामा दर्ता गरिएको छ ।
- सहकारी शिक्षा, सहकारी संस्थाहरुको अनुगमन, सहकारी सुशासन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिएको छ ।
- सहकारीमा लेखा व्यवस्थापन कार्यशालाहरु आयोजना गरिएको छ ।

**(१२) कृषि महाशाखा**

- १ सय स्थानमा थोपा सिँचाई, १सय वटा साना सिँचाई सञ्चालन गरी कृषियोग्य क्षेत्र एवं सिञ्चित क्षेत्रको विस्तार गरिएको छ ।
- ६ सय वटा कम्पोस्ट बिन वितरण गरी घरमै कम्पोस्ट मलको उत्पादनसहित कौंसी खेतीको प्रवर्द्धन गरी वातावरण संरक्षण, फोहोरको व्यवस्थापन र सहरी हरियालीको प्रवर्द्धन गरिएको छ ।
- ९८ वटा हाते ट्याक्टर वितरण गरी कृषिमा यान्त्रिकीकरण गर्ने एवं नयाँ प्रविधि भित्र्याउने कार्य गरिएको छ ।
- ६० वटा स्थायी प्लास्टिक घर निर्माण, ४सय ५० वटा अस्थायी प्लास्टिक घर निर्माण गरी बेमौसमी तरकारी खेती प्रवर्द्धन गरी तरकारी आयातलाई न्यूनीकरण गर्ने कार्य गरिएको छ ।
- २ सय वटा भकारो सुधार, १ सय टन प्रांगारिक मल अनुदान वितरण गरी प्रांगारिक कृषिलाई प्रोत्साहन गरिएको छ ।
- ४५० वटा माहुरी घार वितरण गरी मह उत्पादनलाई प्रोत्साहन गरिएको छ ।
- ४० हजार फलफूल बिरुवा वितरण, सुन्तला बगैंचा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी नेपाललाई फलफूल बगैंचा बनाउने प्रधानमन्त्रीको आह्वानलाई टेवा पुर्‍याउने कार्य गरिएको छ ।
- लेखनाथमा कृषि बजार तथा कस्टम हायरिङ केन्द स्थापना र बिरौटामा किसान बजार स्थापनाको पहल गरी बिचौलियाहरुको शोषण अन्त्य गरी किसानहरुलाई सहज बजार पहुँच विस्तारको कार्य थालनी भएको ।
- मेयर प्रविधि मैत्री परियोजना सञ्चालन गरी किसानलाई आर्थिक सहयोग गरिएको छ ।

**(१३) सरसफाइ शाखा**

- फोहोरमैलाको स्रोतमै वर्गीकरणको अभ्यास सुरु गरिएको छ । निजी क्षेत्रसँग साझेदारी गरी फोहोरमैला व्यवस्थापनको कार्यलाई थप व्यवस्थित गरिएको छ ।
- छाडा चौपायालाई नियन्त्रण गर्नका लागि पोखरा १४ मा चौपाया व्यवस्थापन केन्द्र सञ्चालन गरिएको छ ।
- सेन्ट्रल ट्रिटमेन्ट सुविधाबाट नेपालमै पहिलो पटक अस्पताल जन्य फोहोर मैलाको व्यवस्थापन निजी क्षेत्रसँगको सहकार्यमा अगाडि बढाइएको छ ।
- महानगरका विभिन्न स्थानमा १ सय ४० बायोग्यास प्लान्ट निर्माण गरिएको छ ।

**(१४) पशु सेवा महाशाखा**

- नेपालमै पहिलो पटक यस महानगरपालिकाले १० वटा पशुसेवा केन्द्र स्थापना एवं व्यवस्थापन गरी ९२ प्रकारका पशु सम्बन्धी औषधी निशुल्क वितरण गर्ने कार्य सुरु गरिएको छ ।
- व्यवसायिक रुपमा दर्ता भएका सबै पशु व्यावसायिक फर्महरुलाई यसैबाट न्युनतम अनुदानको व्यवस्था गरिएको छ ।
- १८ वटा व्यावसायिक दुग्ध संकलन केन्द्रमा मिल्क एनालाइजर मेसिन उपलब्ध गराइएको एवं १० स्थानमा चिलिङ भ्याट उपलब्ध गराई स्वस्थ दुध उत्पादन र उपभोगमा उल्लेख्य कार्य गरिएको छ ।
- बाँझो जग्गालाई उपयोग गर्न १ हजार ७ सय ५३ रोपनी बाँझो जग्गामा उन्नतघाँस लगाए वापतप्रति रोपनी रु. ३ हजार अनुदान वितरण गर्ने व्यवस्था मिलाइएको छ ।
- पोखरा उद्योग वाणिज्य संघसँगको सहकार्यमा ग्यारेज र कवाडी संकलन केन्द्रहरुमा छानो राखी व्यवस्थित गर्ने प्रक्रियामा अगाडि बढाइएको छ ।

**(१५) आर्थिक प्रशासन महाशाखा**

- बजेट निर्माण यथासमयमा सम्पन्न गर्ने कार्य गरिएको छ ।
- पेश्की फरफारकको लागि ताकेता गरी पेश्की घटाउने कार्य गरिएको छ ।
- भुक्तानी प्रक्रियालाई छिटो छरितो र सरल बनाइएको छ ।
- करिब २ करोड बराबर बेरुजुको संपरीक्षण एवं बेरुजु फछ्र्यौट गरिएको छ ।
- साविक लेखनाथ नगरपालिकाको भवनमा यसै आर्थिक वर्ष भित्र आर्थिक अधिकारसहितको सेवा केन्द्र स्थापनाको काम अगाडि बढाइएको छ ।

**(१६) शिक्षा महाशाखा**

- शिक्षा नियमावली निर्माण गरी महानगरपालिकाबाटै मावि स्तरसम्मको शैक्षिक व्यवस्थापन गरिएको छ ।

- शुक्रराज मावि, व्रह्मारुपा मावि, जनप्रिय मावि, महेन्द्र मावि भलाम र अम्बिका माविसहित ५ वटा माविमा प्राविधिक धारको शिक्षा सञ्चालन गरिएको छ ।
- बालमैत्री शिक्षाको अवधारणाको अवलम्बन गरी धुलोमुक्त कक्षा सञ्चालनका लागि विद्यालयहरुमा ह्वाइटबोर्ड वितरण र बालमैत्री शिक्षण पद्धतिको अनुशरण गरिएको छ ।
- महानगर भित्र रहेको सामुदायिक विद्यालयका कक्षाकोठालाई धुलोमुक्त बनाइएको छ ।
- पूर्व प्राविका बालबालिकाको लागि दिवा खाजाको व्यवस्था गरिएको छ ।
- २६ वटा वडाहरुलाई अनिवार्य तथा निशुल्क शिक्षाको सुनिश्चितताको घोषणा गरिएको छ ।
- शीतला मावि, भद्रकाली मावि, श्रीकृष्ण मावि, जनप्रकाश मावि र गोगन माविलाई सूचना प्रविधि मैत्री नमुना विद्यालयको रुपमा विकास गरिएको छ ।
- सबै विद्यालयहरुलाई क्रमश: स्मार्ट विद्यालयको रुपमा विकास गर्ने गरी हाल कालिका मावि र त्रिभुवन शान्ति माविको विस्तृत गुरुयोजना निर्माण गरिएको छ ।
- बहु प्राविधिक शिक्षालयको सञ्चालन निम्ति पश्चिमाञ्चल क्याम्पससँग सहकार्य गरी आवश्यक प्रक्रिया सुरु गरिएको छ ।

**(१७) वातावरण शाखा**

- घाटहरुको वातावरणी प्रभाव मुल्यांकन अध्ययन, चौतारी एवं पोखरी संरक्षण, पार्क व्यवस्थापन, भूक्षय नियन्त्रण सम्बन्धी कार्य गरी जलवायु अनुकुलन सम्बन्धी कार्यक्रमहरु गरिएको छ ।
- सेतीनदी किनारमा इलेक्ट्रिक शवदाह निर्माण काम अगाडि बढाइएको छ ।

**(१८) स्वास्थ्य महाशाखा**

- २८ वडाहरुमा वडास्तरमा आधारभूत स्वास्थ्य केन्द्रहरुको स्थापना एवं व्यवस्थापन गरी वडास्तरमा नागरिकहरुलाई निशुल्क आधारभूत स्वास्थ्य सेवाको प्रत्याभूति गर्ने कार्य गरिएको छ ।
- ज्येष्ठ नागरिकहरुलाई वडास्तरमै निशुल्क स्वास्थ्य जाँच एवं उपचारको विशेष व्यवस्था गरिएको छ ।
- समुदायस्तरमै महिलाहरुको विशेष स्वास्थ्य समस्या जस्तै: पाठेघर मुखको क्यान्सर, स्तनको क्यान्सरको स्क्रिनिंग तथा उपचारको रेफर गर्ने गरिएको छ ।
- निशुल्क औषधी तथा स्वास्थ्य सामग्रीको नियमित आपूर्तिको सुनिश्चितता गरिएको छ ।
- गर्भवती एवं सुत्केरी महिला तथा शिशुहरुको पोषण प्रर्द्धन एवं खोप सेवाको नियमितता गरिएको छ ।
- स्वास्थ्य संस्थामा प्रसूति हुने आमा तथा जन्मिने बच्चाको स्वास्थ्य रक्षाको लागि न्यानो कपडा एवं यातायात खर्चको व्यवस्था गरिएको छ ।
- वडा नम्बर ९ को पुरानो दमकल भएको ठाउँमा सहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र स्थापना गरी चिकित्सकसहित २६ वटा सेवा निशुल्क प्रदान गरिएको छ । वडा नम्बर ४ गणेशटोल, ९ को पूरानो वडा कार्यालय, १० को साविक वडा कार्यालय, २ ९ को भण्डारढिक र ३३ को लामगादीमा
- सहरी स्वास्थ्य केन्द्र स्थापना गरी १७ वटा सेवा निशुल्क प्रदान गरिँदै आएको छ । ५ वटा वडामा सहरी स्वास्थ्य केन्द्र विस्तार गर्ने योजना छ ।

**(१९) आन्तरीक लेखा परीक्षण शाखा (आलेप)**

- निरन्तर आलेप गर्ने पद्धति कायम गरी आर्थिक जवाफदेहिता वृद्धि सम्बन्धी कार्य गरिएको छ ।
- विभिन्न वडाहरु एवं शाखाहरुबाट उठाउने राजश्वको भिडान गरी थप राजश्व असुल उपर गराउने कार्य गरिएको छ ।
- व्ययको वार्षिक रुपमा आलेप गर्ने काम भइरहेको छ ।
- लेखा समिति गठन, सोको कार्यविधि निर्माण गरी नगरको आर्थिक कार्यप्रणालीको नियमन गर्ने कार्य सुरु गरिएको छ ।

**(२०) सार्वजनिक निजी साझेदारी**

- सार्वजनिक निजी साझेदार सम्बन्धी विधि निर्माण गरी निम्न योजनामा सार्वजनिक निजी साझेदारी गर्न आशयपत्र माग गरी कार्य अगाडि बढाइएको छ ।

  (क) सराङ्कोट पूर्वाधार विकास

  (ख) सेतीखोंच साहसिक पर्यटन पूर्वाधार विकास

  (ग) पाताले छाँगोमा सिसाको पुल निर्माण

  (घ) बेगनास एवं फेवा तालमा वाटर स्पोर्टस् सञ्चालन

  (ङ.) डिजिटल होर्डिङ बोर्ड व्यवस्थापन

**(२१) राजश्व शाखा**

- २० वटा वडाहरुमा राजश्व सम्बन्धी सफ्टवेयर जडान गरी करदाता नागरिकहरुलाई सम्बन्धित वडाबाटै राजश्व बुझाउन

सक्ने व्यवस्था गरिएको छ ।

- साविक लेखनाथ र तत्कालीन पोखरा उपमहानगरपालिकाको फरक फरक कर प्रणालीलाई एकीकृत गरी कर प्रणालीमा समानता र एक रुपता कायम गरिएको छ ।
- आर्थिक ०७३।०७४ मा ३५ करोड आन्तरिक राजश्व उठ्ने गरेकोमा आर्थिक वर्ष ०७४।७५ मा ४९ करोड ५१ लाख संकलन भएको र चालु आर्थिक वर्षमा करिब २ अर्ब २६ करोड राजश्व संकलन लक्ष्य लिइएको र सोही अनुपातमा वैशाखसम्म १ अर्ब ४ करोड राजश्व संकलन भइरहेको छ । जसले गर्दा राजश्व वृद्धिमा उत्साहजनक अवस्था सिर्जना भएको छ ।
- कर प्रणालीमा आधुनिक पद्धति मानिने सम्पत्ति कर एवं घर वहाल करलाई थप व्यवस्थित र सरलीकरण गरी लागू गरिएको छ ।
- कर प्रणालीमा दर बढाउने भन्दा दायरा वृद्धि गर्ने गरी प्रगतिशील करको सिद्धान्त एवं करदातामैत्री कर प्रणालीको अवलम्बनको प्रयास गरिएको छ ।
- सटर भाडा वापत पूरानो रहेको वक्यौंता रकम मध्मे कुल १ करोड ६९ लाख उठेको र १ करोड ५६ लाख उठ्न बाँकी रहेको र बाँकी रकम उठाउनका लागि ताकेका गरिएको र यही आर्थिक वर्ष भित्र उठाउने लक्ष्य राखिएको छ ।
- महानगरपालिका भित्र प्रचार प्रसारका लागि विज्ञापन सामग्री राखे वापत वार्षिक २६ लाख आम्दानी हुने गरेकामा यस आर्थिक वर्षबाट विज्ञापनको आम्दानी १ करोड ६५ लाख पुऱ्याइएको छ । यस वर्ष पुराना होर्डिङ बोर्ड हटाइ डिजिटल तथा युनिपोल लाइट बोर्ड राख्ने कार्यका लागि आसयपत्र माग गरिएको र विज्ञापन वापतको वार्षिक आम्दानी ४ करोड पुऱ्याउने लक्ष्य राखिएको छ ।

**(२२) पञ्जीकरण शाखा**

- नागरिकहरुका व्यक्तिगत घटना दर्ता प्रक्रियालाई सरलीकरण गर्न सबै वडाहरुमा नेटवर्किङ गरी अनलाइनबाटै दर्ता गर्न सकिने व्यवस्था गरिएको छ ।
- सबै प्रकारका व्यक्तिगत घटना दर्ताको संशोधन सम्बन्धी मार्गदर्शन गर्ने एवं सो सम्बन्धी अभिलेखलाई थप व्यवस्थित गरिएको छ ।

**(२३) अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार**

- विश्वका विभिन्न देशका सहरहरुसँग भगिनी सम्बन्ध विस्तार गर्ने कार्य निरन्तर चलिरहेको छ । पोखराले अहिलेसम्म जापानको कोमागाने, चिनको लिन्जी, कुन्मिङ, गुञ्जाओ, छिन्चु, छुसाओ, नानिङ, युबिन, हाइकाउ लगायतका सहरसँग र दक्षिण कोरियाको ग्यांबुक गु सहरसँग पनि भगिनी सम्बन्ध छ ।

## नगरबासीका लागि जारी गरिएको सार्वजनिक सूचना

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ नगरपालिकाको काम, कर्तव्य र अधिकार दफा ११ (झ) को आधारभूत स्वास्थ्य र सरसफाइ को (६) मा सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोर मैला व्यवस्थापन, (७) मा स्वास्थ्यजन्य फोहोरमैला संकलन, पुन उपयोग, प्रशोधन, विर्सजन, र सोको सेवाशुल्क निर्धारण र नियमन तथा (१०) मा सरफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापन निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य, साझेदारी भागिदारी आदि व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय सरकारकमा छ । सोही बमोजिम पोखरा महानगरपीलिकाले सार्वजजिक सूचना जारी गरेको छ । सो कार्यान्वयन गर्न नगरबासीहरुमा अनुरोध गरिन्छ ।

- घर/पसल/व्यवसायीहरुले अनिवार्य फोहोरको भाँडो राख्ने ।
- आफ्नो घर/पसल अगाडि तथा वरिपरिको आधा सडक पेटी सधैं सफा राख्ने ।
- घर पसल वा कुनै पनि व्यवसायबाट संकलित फोहोर कुहिने र नकुहिने छुट्टायाइ कुहिने फोहोरलाई मल बनाइ घरको बोट बिरुवा, करेसाबारी तथा कौशी खेतीमा प्रयौग गरौं । नकुहिने फोहोर मात्र महानगरपालिका वा फोहोर संकलनको लागि आउने साधनमा राखी पठाऊँ ।
- सडक छेउमा रहेका पसल, कलकारखाना वा अन्य व्यवसाय गर्ने व्यवसायीले सडक पेटी अतिक्रमण गरी वा पैदल यात्रामा अवरोध हुने गरी फुटपाथमा पसल नराखौं ।
- सडक पेटी तथा चोक गल्लीमा मोटर साइकल राखी मर्मत गर्ने धुने काम नगरौं ।
- वर्षाद तथा कुनै पनि किसिमको पानी घर छतबाट पाइप राखी सडकमा नखसालौं ।

# प्रमुख/उपप्रमुख/वडा अध्यक्ष र सदस्यहरुको नामावली तथा फोन सम्पर्क

| | | | | | |
|---|---|---|---|---|---|
| ० | श्री मानबहादुर जिसी | ९८५६० ०३०३५ | प्रमुख | | ०६१-५२५३४० |
| ०० | श्री मञ्जुदेवी गुरुङ | ९८५६० ०३०३४ | उप-प्रमुख | | ०६१ ५२१५०२ |
| **क्र.स.** | **वडा अध्यक्ष** | **महिला सदस्य** | **दलित महिला सदस्य** | **खुल्ला सदस्य १** | **खुल्ला सदस्य २** |
| १ | **श्री शारदा पराजुली** | **श्री प्रेमकुमारी शाही** | **श्री प्रेमदेवी परियार** | **श्री रुद्रप्रसाद च्वाई** | **श्री सहारा प्रधान** |
| | ९८५६० ०३००१ | ९८४६० ८७९३० | ९८४६० ४४१५४ | ९८४६० ५४४१९ | ९८४६० २५०९१ |
| २ | **श्री रामेश्वर मल्ल** | **श्री गोमा सुवेदी** | **श्री सुनीता विक सुनार** | **श्री गौतम विजूक्छे** | **श्री प्रमोद पराजुली** |
| | ९८५६० ०३००२<br>९८४६१ १९३१२ | ९८४६५ १३३९५ | ९८०६६ ५६७५५ | ९८४६० ३०५९९ | ९८४६० ४३९८२ |
| ३ | **श्री रवीन्द्रबहादुर प्रजू** | **श्री लक्ष्मी पराजुली** | **श्री सवी परियार** | **श्री जीतेन्द्र कायस्थ** | **श्री रवीन कायस्थ** |
| | ९८५६० ०३००३ | ९८४६६ ३९४४४ | ९८४६२ ०९५०४ | ९८०४१ ८०९६८ | ९८४६० २५९९८ |
| ४ | **श्री शंकरप्रसाद बास्तोला** | **श्री सरिता पराजुली** | **श्री विष्णुमया परियार** | **श्री सुवर्ण केसी** | **श्री पुष्करबहादुर श्रेष्ठ** |
| | ९८५६० ०३००४ | ९८४६२ २३९८९ | ९८१५१ १३००८ | ९८५६० ८७९३७ | ९८४६० २०६६८ |
| ५ | **श्री धनबहादुर नेपाली** | **श्री अञ्जु केसी** | **श्री हरिमाया विक** | **श्री उज्ज्वल खत्री** | **श्री पुष्पराज बराल** |
| | ९८५६० ०३००५ | ९८५६० ३६५७२ | ९८४६२ ८७५४२ | ९८४६० २१४७९ | ९८४६० ३०७४९ |
| ६ | **श्री जगतबहादुर पहारी** | **श्री पुष्पा घले पहारी**<br>**कार्यापालिका सदस्य** | **श्री राममाया विक** | **श्री विष्णुबहादुर भट्टराई** | **श्री हरिकृष्ण पहारी** |
| | ९८५६० ०३००६ | ९८४६० २६३०६ | ९८४६० ६५७५३ | ९८५६० २०२७२ | ९८५६० २६०४० |
| ७ | **श्री रामचन्द्र बराल** | **श्री प्रभा पन्त** | **श्री सुकमाया नेपाली** | **श्री दिनबन्धु पौडेल** | **श्री किसोर बराल**<br>**न्यायिक समिति सदस्य** |
| | ९८५६० ०३००७ | ९८५६० १५९३१ | ९८०४१ ३५१८२ | ९८५६० २००३० | ९८५६० २९६४८ |
| ८ | **श्री रुद्रनाथ बराल** | **श्री किरण गौतम** | **श्री लक्ष्मी कौसल** | **श्री कृष्णमान ठूसाजु** | **श्री पुष्पराज सिग्देल** |
| | ९८५६० ०३००८ | ९८५६० ६१८४१ | ९८१६१ ६१४८४ | ९८४६० २८६६५ | ९८४६० ६६६५९ |
| ९ | **श्री रामराज लामिछाने** | **श्री राममाया मानन्धर** | **श्री गीता चर्माकार** | **श्री नन्दराम गिरी** | **श्री सुरेश खवास** |
| | ९८५६० ०३००९ | ९८४६०२७२०२ | ९८४६२२६१९४ | ९८४६१५५५४८ | ९८५६०२४४२९ |
| १० | **श्री राजकुमार गुरुङ** | **श्री निशा मल्ल** | **श्री प्रतिभा विक** | **श्री दीपकबहादुर थापा** | **श्री सम्मरबहादुर श्रेष्ठ** |
| | ९८५६० ०३०१० | ९८४६०४२९२२ | ९८२४१ १६०४० | ९८५६० २६३९१ | ९८५६० ३६१२१ |
| ११ | **श्री मोहनप्रसाद बास्तोला** | **श्री तीर्थकुमारी गुरुङ** | **श्री टुकुरादेवी परियार** | **श्री जंगबहादुर हमाल**<br>**ठकुरी** | **श्री मिनबहादुर गुरुङ** |
| | ९८५६००३०११ | ९८४६१६७९२० | ९८४६० २१२५३ | ९८५६० ११०२२ | ९८५६० २६८२८ |
| १२ | **श्री रामबहादुर कार्की** | **श्री सीता बास्तोला** | **श्री विष्णु विक** | **श्री निर्मलबहादुर थापा** | **श्री देशभक्त केसी** |
| | ९८५६० ०३०१२ | ९८४६० ८६७६२ | ९८१६१ ७२२५७ | ९८४६३ ०३०८१ | ९८५६० ३२६२७ |
| १३ | **श्री लेखबहादुर तामाङ‘**<br>**दर्शन’** | **श्री कृष्णकुमारी गुरुङ** | **श्री कमला विक** | **श्री रहिमुल्लाह मियाँ** | **श्री टंकप्रसाद भट्टराई** |
| | ९८५६० ०३०१३ | ९८५६० २६८६३ | ९८४६० ४४३५५ | ९८०४१ २२३१६ | ९८०४१ १२८४६ |
| १४ | **श्री प्रेमबहादुर कार्की** | **श्री यशोदा केसी भट्टराई**<br>**कार्यपालिका सदस्य** | **श्री सुनकमली  विक** | **श्री ढोलबहादुर गुरुङ** | **श्री जीतेन्द्रजगं थापा** |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९८५६० ०३०१४ | ९८५६० ३८७९० | ९८६७३ ५८९०२ | ९८०६५ ०२६०६ | ९८१७१ १५००२ |
| १५ | श्री प्रकाश पौडेल | श्री पार्वती कार्की न्यायिक समिति सदस्य | श्री मन्दिरा परियार | श्री तोरणबहादुर बानिया (जिसस गएको) | श्री रुकबहादुर गुरुङ |
| | ९८५६० ०३०१५ | ९८४६० ८६७९० | ९८०४१ ०५९१२ | ९८५६० २८८९१ | ९८४६० ३६८३८ |
| १६ | श्री जीवनप्रसाद आचार्य | श्री गुमादेवी अधिकारी गौतम (जिसस गएको) | श्री विष्णुदेवी नेपाली | श्री राजेश गुरुङ | श्री मेहरमान थापा |
| | ९८५६० ०३०१६ | ९८४६२ ६०५२८ | ९८४६३ ५४१३० | ९८५६० २४७१८ | ९८४६२ ०९६९५ |
| १७ | श्री तीर्थराज अधिकारी | श्री राधिका शाही योगी कार्यपालिका सदस्य | श्री तारादेवी परियार | श्री शान्ता देवी गुरुङ | श्री वैकुन्ठ भण्डारी |
| | ९८५६० ०३०१७ | ९८५६० १२४४४ | ९८०४१ ७२७९५ | ९८४६२ २०३४३ | ९८४६० २६३७० |
| १८ | श्री रणबहादुर थापा | श्री भोजकुमारी थापा | श्री सरला नेपाली | श्री हरि प्रसाद लम्साल | श्री ज्ञानबहादुर थापा |
| | ९८५६० ०३०१८ | ९८५६० ३८०६३ | ९८४६३ ४३२५६ | ९८४६० ३५२८७ | ९८४१३ ४११२३ |
| १९ | श्री शोभामोहन पौडेल | श्री कोपिला के.सी. | श्री तारादेवी परियार | श्री कृष्णप्रसाद गौतम | श्री कमलप्रसाद बास्तोला |
| | ९८५६० ०३०१९ | ९८४६२ ३२७७९ | ९८१६१ ०३४६० | ९८५६० ७१८०० | ९८४६१ २०७४० |
| २० | श्री सीमबहादुर गुरुङ | श्री लक्ष्मी सुवेदी | श्री मनबुजा विक कार्यपालिका सदस्य | श्री मोतीप्रसाद पौडेल | श्री भीमप्रसाद बास्तोला |
| | ९८५६० ०३०२० | ९८४६७ ७७६६२ | ९८१६६ ५०८५२ | ९८४६० ४८०१७ | ९८४६० ४४९०४ |
| २१ | श्री खगराज आचार्य | श्री अम्बिका थापा | श्री सीतादेवी विक (जिसस गएको) | श्री नन्दलाल अधिकारी | श्री रामबहादुर गुरुङ |
| | ९८५६० ०३०२१ | ९८१६६ १६६०४ | ९८६६० ०९६४७ | ९८४६१ ०३५०९ | ९८०४१ ३०००२ |
| २२ | श्री मित्रलाल बराल | श्री ओम कुमारी गुरुङ | श्री सिता विक कामी | श्री मातृकाप्रसाद बराल | श्री चेतभक्त शर्मा बराल |
| | ९८५६० ०३०२२ | ९८४६० ६७७७१ | ९८०४१ ८७४३३ | ९८५६० २९६५२ | ९८४६८ १७९६६ |
| २३ | श्री विष्णुप्रसाद पराजुली | श्री गीता भट्टराई क्षेत्री | श्री यामकुमारी सुनार | श्री भरतराज भण्डारी | श्री दुर्गाबहादुर घले |
| | ९८५६० ०३०२३ | ९८४६० ३९०३० | ९८०४१ ४०६४७ | ९८०४१ ९२१४८ | ९८०४१ ६७७२६ |
| २४ | श्री ओम प्रसाद सुवेदी | श्री सन्तुदेवी सुवेदी कार्यपालिका सदस्य | श्री मीना नेपाली | श्री सोबनाथ भट्टराई | श्री अग्निधर त्रिपाठी |
| | ९८५६० ०३०२४<br>९८५६० २६५२१ | ९८५६० ३९८४८ | ९८४६८ १७१४० | ९८५६० ६९६०४ | ९८५६० २६१८६ |
| २५ | श्री शोभाकर तिमिल्सिना | श्री लक्ष्मी अधिकारी | श्री तारा विश्वकर्मा | श्री दलबहादुर कुँवर | श्री जीतबहादुर कार्की |
| | ९८५६० ०३०२५ | ९८४६२ ८१६९२ | ९८१४१ ८८४५५ | ९८५६० २४६८० | ९७४६० १५१८४ |
| २६ | श्री नारायणप्रसाद बराल | श्री मुरली थापा | श्री शर्मिला विश्वकर्मा | श्री रामकृष्ण जिसी | श्री खड्कबहादुर रानाभाट |
| | ९८५६० ०३०२६ | ९८४६० २८५८० | ९८०४१ ३४२२२ | ९८५६० ६१६३३ | ९८४६० ४०८१९ |
| २७ | श्री पूर्णकुमार गुरुङ | श्री बुद्धिमाया रिजाल | श्री सरस्वती सार्की | श्री प्रेमप्रसाद बराल | श्री शेखरनाथ लामिछाने |
| | ९८५६० ०३०२७ | ९८४६५ ११२५४ | ९८४६१ ५६५३० | ९८५६० ४१२६० | ९८४६० ४१७०२ |
| २८ | श्री निर्मल दियाली सुनार | श्री अम्विका बुढाथोकी | श्री कल्पना परियार | श्री विष्णुप्रसाद तिवारी | श्री बैनबहादुर अधिकारी क्षेत्री (जिसस गएको) |
| | ९८५६० ०३०२८ | ९८४६१ ९७१६९ | ९८१३६ ६८३०१ | ९८४६६ ४०३०७ | ९८५६० ३८७८३ |
| २९ | श्री चेतबहादुर गुरुङ | श्री निर्मला पौडेल | श्री मनकुमारी सुनार | श्री थलबहादुर पाँडे थापामगर | श्री हेमबहादुर बानिया |

| | | | | | |
|---|---|---|---|---|---|
| | ९८५६० ०३०२९<br>९८४६० २४१०७ | ९८४६४ ५३१३१ | ९८०४१ ०५५७९ | ९८४६५ ७००६७ | ९८५६० ६१९९५ |
| **३०** | **श्री श्रीराम पोखरेल** | **श्री शारदा बास्तोला** | **श्री रमा नेपाली** | **श्री सोमलाल कँडेल** | **श्री चोलाप्रसाद बराल** |
| | ९८५६० ०३०३०<br>९८४६० ३०६८९ | ९८४६० ६१७६८ | ९८४६० २१३८२ | ९८४६२ १४४०६ | ९८४६२ ६८०८८ |
| **३१** | **श्री कमलबहादुर थापा** | **श्री साबित्री भण्डारी (जिसस गएको)** | **श्री विष्णु सुनार** | **श्री विण्णुबहादुर भुजेल** | **श्री पूर्णखर पाण्डे** |
| | ९८५६० ०३०३१ | ९८४६३ २०५८७ | ९८०६७ ६६६५५ | ९८४६३ २०६१७ | ९८१५४ ८४७४३ |
| **३२** | **श्री अक्कलबहादुर कार्की** | **श्री विष्णुमाया धमला** | **श्री सुनमाया नेपाली** | **श्री विष्णुप्रसाद तिवारी** | **श्री धर्मबहादुर बस्नेत** |
| | ९८५६० ०३०३२ | ९८४६८ ३१५८९ | ९८४६२ ८५२६० | ९८४६१ ५४८७३ | ९८४६० ६००७९ |
| **३३** | **श्री शिवप्रसाद आचार्य** | **श्री शान्तिदेवी आचार्य** | **श्री शोभा सार्की** | **श्री दीपक लामिछाने** | **श्री लीलबहादुर श्रेष्ठ** |
| | ९८५६० ०३०३३ | ९८५६० ४१८३२ | ९८२६१ २१०२४ | ९८५६० ४८८८० | ९८१४१ ९३५४२ |
| ० | बुधराज भुजेल (भीमसेन)<br>कार्यपालिका सदस्य | ओमप्रसाद गौचन<br>कार्यपालिका सदस्य | चतुरे विक<br>कार्यपालिका सदस्य | | |
| | ९८५६० ३२५८९ | ९८५६० २०६०३ | ९८४६१ ६३५१७ | | |


## दुर्घटनाबाट बच्न ध्यानदिई दुर्घटना हुनबाट बचौं

सिलिन्डर ल्याउँदा, लैजादा नगुडाऔं, भान्सामा सिलिन्डर सधै ठाडो राखीप्रयोग गरौं, सिलिन्डर सुताएर वा घोप्टाएर प्रयोग नगरौं । ग्यास चुलोको रेगुलेटर, पाइप, चुलो जस्ता उपकरणहरु गुणस्तर भएको मात्रप्रयोग गरौ । हरेक दुई वर्षमाग्याँसको पाइप फेरौं । काम सके पछि रेगुलेटर बन्दगर्न नर्बिसौं । खाना पकाउँदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्रखानापकाउने गरौं ।

**पोखरा महानगरपालिका कार्यालय**

# पोखरा महानगरको सूचना

- **खुल्ला राखिएका, फोहोरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्री नगरौं/नगराऔं।**
- **घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भू–नोट मा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं।**
- **समयमै कर तिरौं। सभ्य नागरिकको परिचय दिऔं।**
- **जन्म, मृत्यु, विवाह, बसाइसराइ लगायतका घटनादर्ताहरु समयमै गरौं।**

**पोखरा महानगरपालिका**

# पोखरा महानगरपालिका कार्यालय

# टेलिफोन विवरण

| सि.नं | टेलिफोन | शाखा |
|---|---|---|
| १ | ५२५३४० | प्रमुखको सचिवालय |
| २ | ५२१५०२ | उप-प्रमुखको सचिवालय |
| ३ | ५२११०५ | प्रमुख प्रशासकीय अधिकृत |
| ४ | ५२०६०० | फ्याक्स |
| ५ | ५२११०४ | प्रशासन महाशाखा |
| ६ | ५३२६८० | प्रमुख लेखा नियन्त्रक |
| ७ | ५२०३०१ | योजना |
| ८ | ५२१४६० | इन्टरकम |
| ९ | ५२७१७३ | इन्टरकम |
| १० | ५२०३९२ | करशाखा |
| ११ | ५५१४५५ | आर्थिक प्रशासन शाखा |
| १२ | ५३७५५१ | सूचना अधिकारी |
| १३ | ५४१९५६ | भण्डार शाखा |
| १४ | ५२०९७९ | सामाजिक विकास |
| १५ | ५४०५५० | कानुन शाखा |
| १६ | ५५००६४ | योजना |
| १७ | ५४०२७८ | स्वास्थ्य विभाग |
| १८ | ५३९९१६ | योजना |
| १९ | ५२८५८५ | सरसफाइ शाखा |
| २० | ५२०२२२ | बारुणयन्त्र |
| २१ | ५२००२२ | बारुणयन्त्र |
| २२ | ५२०५१० | शान्ति वन ग्यारेज |
| २३ | ५५०२२९ | वातावरण शाखा |
| २४ | ५२०१०३ | ग्रामीण नगर साझेदारी |

| सि.नं | टेलिफोन | शाखा |
|---|---|---|
| २५ | ५३२३०१ | शिक्षा विभाग |
| २६ | ५२३८५३ | हाल खाली |
| २७ | ५२५६४० | प्रमखको सचिवालय |
| २८ | ५२७६०४ | इन्टरकम |
| २९ | ५२४४२१ | निरीक्षण शाखा |
| ३० | ५३३३१३ | फेवाताल सरक्षण |
| ३१ | ५५१४०१ | स्मार्ट सिटी/सहकारी |
| ३२ | ५५१४०३ | आलेप शाखा |
| ३३ | ५३०४४४ | आई.टी. |
| ३४ | ४१०२२४ | वडा न. ३२ |
| ३५ | ५०४१३० | वडा न. ३० |
| ३६ | ५६००४४ | वडा न. २९ |
| ३७ | ५६०५६६ | वडा न. २७ |
| ३८ | ५६०३८० | सेवा केन्द्र ५ |
| ३९ | ५६०१०९ | सहरी गरिबी न्यूनीकरण शाखा |
| ४० | ५६००४५ | वडा न. ३१ |
| ४१ | ५६०००२ | सेवा केन्द्र ५ |
| ४२ | ५६०००१ | वडा न. २७ |
| ४३ | ५५०१३७ | डिभिजन इन्जिनियर |
| ४४ | ५०५०८८ | ल्यान्डफिल शाखा |
| ४५ | ५३६११८ | दर्ता चलानी इकाइ |
| ४६ | ५०५२२९ | निर्मलमान सिंह भण्डारी |
| ४७ | ५२२७१९ | स्वरोजगार शाखा |
| ४८ | ५२४९१७ | सामी परियोजना |

**नगरबासीको केही गुनासो भएमा प्रमुख प्रशासकीय अधिकृत र कुनै जानकारी वा सूचना आश्वयक परेमा सूचना अधिकारीलाई सम्पर्क गर्न अनुरोध गरिन्छ।**

**प्रमुख प्रशासकीय अधिकृत**
**९८५६००७१११**
**०६१-५२११०५**

**सूचना अधिकारी**
**०६१-५२११०४**

# पोखरा महानगरपालिका वडा कार्यालयका वडा सचिवहरुको नाम नम्बर

| क्र. सं. | वडा नं. | साविक वडा/गाविस | वडा सचिव नामथर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १. | १ | पोखरा–१, बगर | इश्वरीप्रसाद बास्तोला | ९८५६०३७०२४ |
| २. | २ | पोखरा–२, विन्ध्यवासिनी | याचना श्री खवास | ९८४६१५०६१९ |
| ३. | ३ | पोखरा–३, नदिपुर | मीनाबराल पौडेल | ९८४६०३६५०५ |
| ४. | ४ | पोखरा–४, गैह्रापाटन | केशवराज कोइराला | ९८१६६०४२३९ |
| ५. | ५ | पोखरा–५, मालेपाटन | विष्णुप्रसाद शर्मा | ९८४६०५५०२०<br>९८५६०७५०२० |
| ६. | ६ | पोखरा–६, बैदाम | सविता ढुंगाना | ९८४६०५०३९९ |
| ७. | ७ | पोखरा–७, रत्नचोक | कुलराज पौड्याल | ९८५७६२४८२४ |
| ८. | ८ | पोखरा–८, सिर्जना चोक | कुलप्रसाद पौडेल | ९८४६२१११४१ |
| ९. | ९ | पोखरा–९, नयाँ बजार | लोकदर्शन कोइराला | ९८४६०२०१७६ |
| १०. | १० | पोखरा–१०, रामबजार | महेन्द्रबहादुर खवास | ९८४६०४८७४४ |
| ११. | ११ | पोखरा- ११ र २१, फूलबारी र काँहु | सूर्यमोहन पौडेल | ९८४६०३८७७८ |
| १२. | १२ | पोखरा–१२, माटेपानी | मञ्जु ढुंगाना | ९८४९८३५७६६ |
| १३. | १३ | पोखरा–१३ र २२ मियाँपाटन र आर्बा | अञ्जु गुरुङ | ९८४६०४७९२० |
| १४. | १४ | पोखरा–१४ र १८ मझेरीपाटन र छिनेडाँडा | अर्जुनप्रसाद पौडेल | ९८४६०४८३३० |
| १५. | १५ | पोखरा–१५, कोलपाटन | स्थानेश्वर ढुंगाना | ९८५६०३२५७९ |
| १६. | १६ | पोखरा–१६ र २८, बाटुलेचौर / अर्मला | कृष्णप्रसाद गौतम | ९८४६७७३२६१ |
| १७. | १७ | पोखरा–१७, बिरौटा | ईश्वरीप्रसाद पोख्रेल | ९८५६०२३६७९ |
| १८ | १८ | पोखरा–२६, सराङकोट | राजेन्द्र पौडेल | ९८५६०३६१७५ |
| १९. | १९ | पोखरा–१९ र पुरन्चौर १ देखि ९ लामाचौर र पुरन्चौर | बबिता आचार्य | ९८५६०३४३६९ |
| २०. | २० | पोखरा–२० र मौजा १ देखि ९, भलाम र मौजा | कमलबहादुर बस्नेत | ९८४६२७९५१४ |
| २१. | २१ | पोखरा–२३ र २४ निर्मल पोखरी र कृस्ती | प्रमोदकुमार गुरुङ | ९८४९८८८४५७ |
| २२. | २२ | पोखरा–२५, पुम्दीभुम्दी | रामप्रसाद पौडेल | ९८५६०३१३६६ |
| २३. | २३ | चापाकोट–१ देखि ९ र भदौरे तामागी ३ देखि ९, चापाकोट र भदौरे, | चोलाकान्त पौडेल | ९८५६०३५४२३ |
| २४. | २४ | कास्कीकोट–१ देखि ९ कास्कीकोट | रुद्रप्रसाद बस्ताकोटी | ९८५६०३६७६० |
| २५. | २५ | पोखरा,२७ र २९, याम्दी तल्लो हेमजा,हेमजा मिलन चोक | हरिकृष्ण आचार्य | ९८४६२८४९९३ |
| २६. | २६ | लेखनाथ–३, ४ र ५ अर्घौ र जल्धारे | विष्णुप्रसाद लामिछाने | ९८४६०३६३१३ |
| २७. | २७ | लेखनाथ –२, ६ र ७, अघौं र शिशुवा | लीलामणि भण्डारी | ९८५६०३६३५८ |
| २८. | २८ | माझठाना– १, ४ देखि ९<br>कालिका– १ देखि ५, माझठाना र कालिका | झकनाथ पौडेल | ९८५७६५०१०७ |
| २९ | २९ | लेखनाथ –१, भण्डारढीक | रामचन्द्र पौडेल | ९८५६०३३२४२ |
| ३०. | ३० | लेखनाथ–८ र १२ शिशुवा र बरालथर | दुर्गादेवी न्यौपाने | ९८४६०२६४७५ |
| ३१. | ३१ | लेखनाथ–९ देखि ११, बेगनासताल | रेशमलाल पौडेल | ९८५६०३३३५७ |
| ३२. | ३२ | लेखनाथ–१३ देखि १५, राजाको चौतारा | माधवप्रसाद तिवारी | ९८४९६१४४९३ |
| ३३. | ३३ | लेखनाथ १६ देखि १८ कालिकास्थान र मनियाल डाँडा | डिल्लीराम गिरी | ९८४६३२३५८१ |

# पोखरा महानगरपालिकाको संक्षिप्त जानकारी




महानगरपालिकाको नाम :- पोखरा महानगरपालिका
जिल्ला :- कास्की
नगरपालिका स्थापना वर्ष :- २०१६
उप-महानगरपालिका स्थापना :- २०५२ माघ १८
महानगरपालिका स्थापना :- २०७३ फागुन २७
महानगरपालिकाको केन्द्र :- पोखरा महानगरपालिका वडा नं. ८ न्यूरोड पोखरा

*(२०७१ मंसिर १६ गते १० गाविस लामाचौर, भलाम, काहूँ, आर्वा विजय, निर्मलपोखरी, कृस्तिनाच्ने चौर, पुम्दीभुम्दि, सराङ्को, हेमजा र अर्मला गाभिएर उपमहानगरपालिका भएको, मिति २०७३ फागुन २७ गते ६ गाविस चापाकोट, कास्कीकोट, पुरुन्चौर, मौजा, कालिका र माझठाना साथै लेखनाथ नगरपालिका गाभिएर पोखरा लेखनाथ महानगरपालिका बनेको र महानगरको २०७५ असार १० गतेको नगर सभाबाट महानगरको नाम पोखरा महानगर राख्ने सिफारिसलाई मिति २०७५ साउन २३ गतेको मन्त्रिपरिषदको निर्णय अनुसार मिति २०७५ भदौ २५ गते राजपत्रमा प्रकाशित भई पोखरा महानगरको नाम कार्यान्वयनमा आएको)*

टेलिफोन :- ०६१-५२१४६०, ५२०३९२
फ्याक्स :- ०६१-५२०६००
इमेल :- info@pokharamun.gov.np
वेबसाइट :- www.pokharamun.gov.np
वडा संख्या :- ३३

## घरधुरी संख्या र जनसंख्या विवरण

| वडा | घरधुरी संख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ४५४१ | ७६१७ | ७८९६ | १५५१३ |
| २ | २४६४ | ४२६१ | ४४६८ | ८७२९ |
| ३ | २७५० | ४५४३ | ४९१९ | ९४६२ |
| ४ | २४९१ | ४३८८ | ४७३१ | ९११९ |
| ५ | ३९७३ | ७४३० | ७३७३ | १४८०३ |
| ६ | ३८६९ | ७००८ | ७७२१ | १४७२९ |
| ७ | ३४५१ | ६५४० | ६३३५ | १२८७५ |
| ८. | ७१३८ | १२५४१ | १३५३९ | २६०८० |
| ९ | ४२९५ | ८०५३ | ८५७३ | १६६२६ |
| १० | ४९१२ | ९५२२ | ८९४८ | १८४७० |
| ११ | ४०२३ | ७५९७ | ७११९ | १४७१६ |
| १२ | ३०१४ | ६१७२ | ५४४१ | ११६१३ |
| १३ | ४१४९ | ९२६५ | ७८१२ | १७०७७ |
| १४ | ३३०५ | ६९६५ | ६२६० | १३२२५ |
| १५ | ४३२८ | ९२४७ | ७७८० | १७०२७ |
| १६ | ५४६२ | १०४४८ | ९८३० | २०२७८ |
| १७ | ६९४४ | १३९८२ | १२७७० | २६७५२ |
| १८ | २०८० | ४४५५ | ३८९९ | ८३५४ |
| १९ | २६१० | ५८०४ | ४८२० | १०६२४ |
| २० | १०२७ | २२०८ | १८१४ | ४०२२ |
| २१ | २४३२ | ५२०४ | ३८८६ | ९०९० |
| २२ | १८३७ | ४०३३ | ३३५८ | ७३९१ |
| २३ | १३०० | २७२१ | २१९६ | ४९१७ |
| २४ | १५०८ | ३३०१ | २५९१ | ५८९२ |
| २५ | ३०१९ | ६६२९ | ५६३३ | १२२६२ |
| २६ | २९०३ | ६१५४ | ५२४० | ११३९४ |
| २७ | २३५८ | ५१०६ | ४४७७ | ९५८३ |
| २८ | १३०३ | २६८० | २०४७ | ४७२७ |
| २९ | २२६१ | ४९९३ | ३९६८ | ८९६१ |
| ३० | २७८६ | ५७३२ | ५०९१ | १०८२३ |
| ३१ | १९०८ | ४०४४ | ३३३४ | ७३७८ |
| ३२ | २७२१ | ५९२२ | ४७५५ | १०६७७ |
| ३३ | २४६८ | ५४५३ | ४३५३ | ९८०६ |
| जम्मा | १०५,६३० । | २१०,०१८ । | १९२,९७७ । | ४०२,९९५ । |

*राष्ट्रिय जनगणना २०६८ अनुसार*

महिला :- २१०,०१८
पुरुष :-१९२९७७
जम्मा :-४०२,९९५

घर धुरी संख्या :-१०५,६३०
क्षेत्रफल :- ४६४.२४ वर्ग कि.मी.

**सिमाना**

पूर्व - मादी र रुपा गाउँपालिका

पश्चिम - अन्नपूर्ण गाउँपालिका, पर्वत र स्याङ्जा

उत्तर - माछापुच्छ्रे र मादी गाउँपालिका

दक्षिण - स्याङ्जा र तनहुँ

क्षेत्रफलका हिसाबले सबैभन्दा सानो वडा - वडा नं. ४

क्षेत्रफल - ०.५१ वर्ग कि.मि.

क्षेत्रफलका हिसाबले सबैभन्दा ठूलो वडा - वडा नं. २३

क्षेत्रफल - ४७.४८ वर्ग कि.मि.

**विद्यालयको संख्या**

| आधारभूत | मा.वि. | क्याम्पस | विश्वविद्यालय | प्रा.शिक्षालय | तालिम/प्रशिक्षण केन्द्र |
|---|---|---|---|---|---|
| १०६ | ७० | १७ | १ | १ | १ |

**साक्षारता प्रतिशत**

| महिला | पुरुष | जम्मा ( कास्की जिल्लाको ) |
|---|---|---|
| ७५.३ ५ | ९०.१ ५ | ८२.३ ५ |

**स्वास्थ्य संस्था सम्बन्धी विवरण**

| अस्पताल | | | प्राथमिक स्वास्थ्य केन्द्र | सहरी स्वास्थ्य केन्द्र | हेल्थ पोस्ट | डेन्टल क्लिनिक | ल्याब | आर्युवेद केन्द्र | पोलिक्लिनिक |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | शैय्या | ४ | १५ | १९ | ४८ | १७ | ३ | १५ |
| सरकारी | २ | ४० | | | | | | | |
| निजी | २३ | २१३६ | | | | | | | |

**ल्यान्डफिल साइटको अवस्था**

- ल्यान्डफिल साइटको क्षेत्रफल २०० रोपनी (जसमध्ये ८० रोपनी क्षेत्रफल फोहर पुर्ने प्रयोजन र बाँकी क्षेत्रफल कम्पोष्ट यार्ड, ट्रिटमेन्ट प्लान्ट, बफरजोन लगायत अन्य प्रयोजन)

**महत्वपूर्ण प्राकृतिक/धार्मिक/सांस्कृतिक/पर्यटकीय सम्पदाहरु**

**नदी/खोला**

- सेती नदी
- सुरौदी खोला
- काँहु खोला
- फुस्रे खोला
- हर्पन खोला
- याम्दी खोला
- विजयपुर खोला
- बुलौंदी खोला
- काली खोला
- गडुवा खोला

**ताल/पोखरी**

- फेवाताल
- बेगनासताल
- रुपाताल
- मैदीताल
- खास्टेताल
- गुँदेताल
- न्यूरेनीताल
- दिपाङ ताल
- पञ्चासे ताल
- कश्यप ताल
- कमल पोखरी

**मन्दिर/गुम्बा/ बिहार**

- विन्ध्यवासिनी मन्दिर
- ताल बाराही मन्दिर
- भद्रकाली मन्दिर
- अकलादेवी मन्दिर
- केदारेश्वर मन्दिर
- गुप्तेश्वर महादेव मन्दिर
- नारायणस्थान मन्दिर
- गीता मन्दिर
- राम मन्दिर, रामघाट
- कोटभैरव भरतपोखरी
- सदा शिव मन्दिर, ढुंगेसाँघु
- लक्ष्मीनारायण मन्दिर, अर्मला
- शोभा भगवती मन्दिर, रानीपौवा
- सिद्धेश्वर महादेव मन्दिर, फूलबारी
- गुप्तकालिका मन्दिर कास्कीकोट
- ठूलाकोट मन्दिर, ठूलाकोट
- कालिका मन्दिर, कालिका
- मनकामना मन्दिर, माझ्ठाना
- माटेपानी गुम्बा
- हेमजा गुम्बा
- धर्मशिला बुद्धविहार आदि ।
- विश्वशान्ति स्तूप, अनदूडाँडा

**कोट/ धरहरा/ भ्यु टावर**

- सराङकोट भ्यू टावर
- काहुँ धरहरा
- मट्टिखान भ्यू टावर
- पञ्चासे भ्यू टावर
- सुन्दरी डाँडा भ्यू टावर
- हुँडीकोट
- पुम्दीकोट
- अर्मलाकोट
- भुम्दीकोट
- ठूलाकोट

**गुफाहरु**

- महेन्द्र गुफा
- चमेरे गुफा
- हरिहर गुफा
- गुप्तेश्वर गुफा, भलाम
- सिद्ध गुफा
- सिता गुफा लगायत अन्य..
- कास्कीकोट दरबार
- रत्न मन्दिर, बाराहीघाट
- डेभिजफल्स आदि ।

**संग्रहालय**

१. अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालय
२. गोर्खा संग्रहालय
३. पोखरा स्मृति संग्रहालय
४. क्षेत्रीय संग्रहालय
५. अन्नपूर्ण पुतली संग्रहालय

**साहसी खेल पर्यटनसँग सम्बन्धित**

१. प्याराग्लाइडिङ
२. जिप फ्लायर
३. बञ्जी जम्प
४. ट्रेकिङ
५. अल्ट्रालाइट
६. हाइकिङ
७. पोनी ट्रेक
८. र्‍याफ्टिङ
९. फिसिङ
१०. फुटबल, भलिबल र क्रिकेट लगायत अन्य खेलका अन्तर्राष्ट्रिय प्रतियोगिताहरु

**पार्क, उद्यान, बाटीका**

१. कोमागाने मितेरी पार्क
२. वसुन्धरा पार्क
३. पर्स्याङ बगैंचा पार्क
४. फूलबारी पार्क
५. मनकामना पार्क
६. शान्ति वन बाटिका आदि ।
७. सहिद तथा राष्ट्रिय विभूति पार्क